# स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना

## (Local Disaster and Climate Resilience Plan: LDCRP)

## २०७७-२०८१




## यसोधरा गाँउपालिकाको कार्यालय
## कपिलवस्तु

सहयोगि संथाहरु

DSDC   UMN   Transform Aid INTERNATIONAL   Australian Aid

## यसोधरा गाँउपालिका

# कपिलवस्तु




**८। गाउंपालिकाको नाम:**यसोधरा गाउंपालिका

**समावेश भएका साविक गा.वि.स.वा न.पा.वा गा.वि.स./ न.पा.का वडाहरु:**तितिर्खी, गौरी, बसन्तपुर, पर्सोहिया, बैदौली, रंगपुर, सोमदिह र शिहोखोर गा.वि.स.

**जनसंख्या:** ३८९५२ **क्षेत्रफल:**६७.५६वर्ग कि.मी.

**केन्द्र:** साविक बैदौली गा.वि.स.को कार्यालय **वडा संख्या:**८

**सीमाना:**

**पूर्व:**मायादेवी गा.पा. **पश्चिम:** महाराजगंज न.पा.

**उत्तर:** कपिलवस्तु र महाराजगंज न.पा. **दक्षिण:** भारत

**वडा विभाजन**

| वडा नं | समावेश भएका साविक गा.वि.स./न.पा.हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | तितिर्खी | १-९ | |
| २ | गौरी | १-९ | |
| ३ | बसन्तपुर | १-९ | |
| ४ | पर्सोहिया | १-९ | |
| ५ | बैदौली | १-९ | |
| ६ | रंगपुर | १-९ | |
| ७ | सोमदिह | १-९ | |
| ८ | सिंहखोर | १-९ | |

**निर्माण निर्देशिका : स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८**

**दस्तावेज : गाँउपालिका स्तरिय स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना, यसोधरा गाँउपालिका**

सर्वाधिकार : यसोधरा गाँउपालिका, कपिलवस्तु

प्रथम प्रकाशन : २०७७

निर्माण सहयोग : दलित सामाजिक विकास केन्द्र (डि.एस.डि.सि.)
: यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.)
: ट्रान्सफर्म एड ईन्टरनेशनल (टि.ए.आई.)
: अस्ट्रेलियन एड

प्राविधिक सहयोग : विजय सिंह ठकुरी (विपद जोखिम न्युनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन स्रोत व्यक्ति)

सम्पादक मण्डल : मेल्सन श्रेष्ठ, कार्यक्रम व्यवस्थापक-जिविकोपार्जन, यू.एम.एन.
: सुमन न्यौपने, परियोजना अधिकृत, डि.एस.डि.सि.
: रमेश कुर्मि, फिल्ड कोर्डिनेटर, डि.एस.डि.सि.

## शुभकामना

पानीजन्य बिपद्का दृष्टिले विश्वमा नेपाल ३० औं जोखिममा रहेकोले यसको उचित पूर्वतयारीका साथ व्यवस्थापन गरेर नागरिकको जनधनको सुरक्षा गर्नु सरकारको दायित्व भित्रको कुरा हो । विश्वव्यापी चिन्ताको विषय बनेको विपद्को विषयमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपालले समेत विपद् व्यवस्थापनमा प्रभावकारी रूपले काम गर्ने प्रतिबद्धता जनाइसकेको छ ।

यस कपिलवस्तु जिल्लामा विगतका केही बर्षबाट नै वाढी, खडेरी, शितलहर, हावाहुरी, डुबान, भूकम्प तथा आगलागीबाट उत्पन्न क्षतिलाई न्यूनीकरण गर्न केही मात्रामा भए पनि पूर्व तयारीका कार्यहरु थालनी भएको छ ।

विगत र वर्तमानको वास्तविकताको विश्लेषण गरेर बाढीबाट हुने क्षतिलाई कम गर्न आगामी दिनमा विकासे कार्यक्रममा विपद् व्यवस्थापनलाई प्रत्याभूत गर्न आवश्यक भएको अनुभव गाँउपालिका कार्यालयले पनि गरिसकेको छ । यसका लागि पालिकाले विपद् व्यवस्थापन सम्पर्क व्यक्तिको व्यवस्था गरिसकेको छ । सवै संघ संस्थाहरुको सहयोगमा बिभिन्न प्रकारका बिपद्का लागी तथा आपतकालीन अवस्थामा पालिकाको बिपद् व्यवस्थापन योजना बनाउन सफल भएकोमा म अत्यन्तै हर्षित भएको छु र यसको लागि सहयोग गर्ने निकायहरु र व्यक्तिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

विपद् व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न सकिएमा मात्र दिगो विकासले सार्थकता पाउँछ भन्ने कुरामा कसैको दुई मत नहोला । यस योजनाले पालिका स्तरमा विपद्बाट हुने मानवीय असरहरूलाई कम गर्नका लागि प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै एकनासको तथा समन्वयात्मक प्रतिकार्य उपलब्ध गराउने कुरामा सुनिश्चित गर्ने र जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा समेत सहयोग पुऱ्याउने कार्यलाई अघि बढाउने छ भन्ने विश्वास गर्दछु ।

(गिरिजेश पाण्डेय)

गाँउपालिका प्रमुख

यसोधरा गाँउपालिका, कपिलवस्तु

## शुभकामना

प्राकृतिक तथा मानविय क्रियाकलापवाट आकस्मिक वा क्रमिक रुपमा सिर्जना हुने मानविय कावु बाहिरको परिस्थितिवाट उत्पन्न हुन सक्ने अवान्छित विपत्तिलाई पुर्णरुपमा रोक्न हामी सक्षम नभएतापनी त्यस्ता विपत्तिको बिश्लेषण, पुर्वानुमान र त्यस वाट पुग्न सक्ने क्षतीको न्यूनीकरण गर्ने उदेश्यले यसोधरा गाँउपालिकाको विपद जोखिम न्युनीकरण, पुर्वतयारी, प्रतिकार्य तथा पुर्नलाभका कार्यहरु प्रभापकारी रुपमा कार्यान्यिन गर्ने प्रयास भैरहेको छ । यसै क्रममा आ.ब. २०७७/०८१ सम्मको लागि स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण भएको र आगामि दिनमा आईपर्न सक्ने सम्भावित विपद् वाट उत्पन्न हुने जोखिमको न्युनिकरण र प्रकोप पुर्वतयारी, प्रतिकार्य तथा पुर्नलाभमा दिशाबोध गराई धनजनको क्षतिलाई न्यूनिकरण गर्न यो स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना २०७७/२०७८ सफल हुने बिश्वास गरेको छु ।

यस योजनालाई निर्माण गर्न सहयोग गर्ने गाँउपालिका कर्मचारीहरु, कार्यपालिका सदस्यहरु, स्थानिय विपद व्यवस्थापन समितिका सदस्यहरु युएमएन, डिएसडिसि तथा प्राविधक सहयोगी लगाएत सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

रामचन्द्र ढकाल

प्रमुख प्रशासकिय अधिकृत

यसोधरा गाँउपालिका, कपिलवस्तु

(रुप कुमार बि.क.)

क्लस्टर टिम लिडर

यू.एम.एन-कपिलवस्तु

# शुभकामना

नेपाल भरखरै मात्र विकासको कार्यमा अगाडि वढेको भूपरिवेष्ठित मूलुक हो । विकास निर्माणका कार्यहरु विस्तार गर्दै जादा तथा गरिएका विकासका कार्यहरु पनि समय समयमा हुने बिपद्का घटनाले अवरुद्ध गर्ने मात्र नभएर विकासलाई पछाडि धकेल्ने गरेको पाइन्छ । विश्वका लगभग २०० देशहरुमा गरिएको एक सर्वेक्षण अनुसार नेपाल भूकम्पीय र समग्र बिपद्का दृष्टिकोणले एघारौं र विसौं स्थानमा तथा जलवायु परिवर्तनका दृष्टिकोणले चौथौं स्थानमा पर्दछ ।

वर्षा याममा हुने वाढी, डुवान, कटान, पटान जस्ता प्रकोपले मानवीय र आर्थिक क्षति वेहोर्नु परेको छ भने भूकम्पीय जोखिम पनि उत्तिकै रहेको पाइन्छ र माहामारी, हुरीवतास, आगलागी, खडेरी, भोकमरी, चट्याङ्ग जस्ता बिपद्का घटनाले पनि गरिव र संकटाभिमुख समुदायलाई अझ संकट तिर धकेलिरहेको छ भने बिपद्को जोखिम दिन प्रतिदिन वढ्दै गएको पाइन्छ । यस्ता खालका बिपद्ले देशको आर्थिक स्थितिलाई कमजोर वनाउने र मानवीय जीवनलाई संकटतिर लगिरहेको अवश्था टड्कारो रुपमा देखिन्छ ।

बिपद्को समस्याले गर्दा नेपाल जस्ता विकासोन्मुख मुलुकहरुमा विकासको क्रम झन् पछाडि धकेलिरहेको छ । नेपालमा पनि बिपदका समस्याहरु दिनानुदीन बढ्दैछ । बिपद पूर्वतयारी र जोखिम न्यूनिकरण सम्बन्धी ज्ञान र सामना क्षमताको कमिका कारण र प्रकोप परिसकेपछि मात्र उद्धारकार्यमा बढी जोड दिइने भएको हुदाँ दिर्घकालिन रुपमा समाधान सम्भव छैन ।

यसै परिप्रेक्ष्यमा पालिकामा आधारित बिपद जोखिम व्यवस्थापन योजना तयार गरी हाम्रो जस्तो समुदायको बिपद सामना क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यस “स्थानिय विपद तथा जलवाय् उत्थानशिल योजना” तयार गरिएको छ ।

यस गाँउपालिका स्तरिय स्थानिय विपद तथा जलवाय् उत्थानशिल योजनाले भबिष्यमा गाँउपालिकामा हुने बिभिन्न प्रकारका बिपद्हरुको उचित व्यबस्थापनमा उल्लेख्य भुमिका निर्बाह गर्ने छ । साथै यस योजना तयारीका लागि प्राविधिक सहयोग गर्नु हुने सवै पक्षहरुलाई विशेष धन्यवाद दिन चाहान्छौं ।

(रामशरण रैदास)

अध्यक्ष

दलित सामाजिक विकास केन्द,कपिलवस्तु

(DSDC)

# विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Management |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणिय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पुर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| उत्थानशिल | Resilience |
| प्रतिकार्य | Response |

| | |
|---|---|
| प्रबलीकरण | Retrofitting |
| जोखिम | Risk |
| जोखिम बिश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न / सङ्कटासन्नता | Vulnerable/ Vulnerability |
| पुर्नलाभ | Recovery |

## शब्दसङ्क्षेप

| | |
|---|---|
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| न.पा | नगरपालीका |
| गा.पा | गाउँपालिका |
| नविव्यस | नगर स्तरीय विपद् व्यवस्थापन समिति |
| स्थाविव्यस | स्थानीय विपद् व्यवस्थापन समिति |
| अ/गैसस | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था |
| जमौविवि | जल तथा मौसम विज्ञान विभाग |
| जिसस | जिल्ला समन्वय समिति |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिप्राका | जिल्ला प्राविधिक कार्यालय |
| जिशिसअ | जिल्ला शिक्षा समन्वय अधिकारी |
| जिशिसवि | जिल्ला शिक्षा समन्वय विभाग |
| जिस्वाका | जिल्ला स्वास्थ कार्यालय |
| जुरेस | जुनियर रेडक्रस सर्कल |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटि |
| नेसे | नेपाली सेना |
| शप्रब | शसस्त्र प्रहरी बल |
| स्थासअ | स्थानीय समन्वय अधिकारी |
| संरासंविका | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |

| | |
|---|---|
| साप्रव्यस | सामुदायिक प्रकोप व्यवस्थापन समिति |
| डिएसडिसी | दलित सामाजिक विकास केन्द्र |

## विषय सुची

### खण्ड १. यसोधरा गाँउपालिकाको परिचय

| शिर्षक | पेज नं. |
|---|---|
| १.१ यसोधरा गाँउपालिकाको संक्षिप्त अवस्था | १ |
| १.२ यसोधरा गाँउपालिकाको विद्यमान अवस्थाको समिक्षा | २ |
| १.३ प्रारम्भिक परिचय | ४ |
| १.४ योजनाको उद्देश्य | ६ |
| १.५ योजनाको आवश्यकता र महत्व | ६ |
| १.६ योजनाको सिमा | ६ |
| १.७ योजना निर्माण प्रक्रिया र विधि | ८ |
| १.८ विपद व्यवस्थापन योजना कार्यान्वयन रणनीति | ९ |
| १.९ वजेट व्यवस्थापन तथा कार्यान्वयन | ९ |
| १.१० योजना कार्यान्वयन | ९ |
| १.११ योजनाको अनुगमन तथा मुल्यांकन | १० |
| १.१२ योजनाको पुनरावलोकन तथा अद्यावधिक | १० |

### खण्ड २

| | |
|---|---|
| २ : विपद् संकटासन्नता, क्षमता तथा जोखिम बिश्लेषण | |
| २.१ प्रकोपको पहिचान तथा स्तरीकरण | ११ |
| २.२ प्रकोप विश्लेषण | १२ |
| २.३ गाँउपालिकाको सङ्कटासन्नता स्तरीकरण | १९ |
| २.४ वडाहरुको संकटासन्नता स्तरिकरण | २० |
| २.५ गाँउपालिकाको क्षमता विश्लेषण | २३ |
| २.५ जोखिम पहिचान तथा विश्लेषण | २५ |

### खण्ड ३

३ : स्थानीय बिपद् तथा जलवायु उत्थानशिल गतिबिधिहरु

३.१ बिपद् जोखिम न्युनिकरण तथा पुर्वतयारी, रोकथाम, अल्पीकरण र

अनुकुलनका योजनाहरु २९
३.२ नितिगत ब्यवस्था तथा निर्णय २९
३.३ जनचेतना तथा क्षमता अभिबृद्धि २९
३.४ जोखिम न्युनिकरण ३१
३.५ आपतकालीन पुर्वतयारी ३४
३.६ विपद्को समयमा प्रतिकार्यका क्रियाकलापहरू ३८
३.७ विपद् पश्चात्का क्रियाकलापहरू ४१
४. सिफारिश तथा सुझावहरु ४३

## अनुसुचिहरु

अनुसुची १. यसोधरा गाँउपालिकाको स्रोत तथा जोखिम नक्शा ४४
अनुसुची २. जोखिम सुचना संकलन फारम ४५
अनुसुचि ३. सहभागितामुलक संकटासन्नता तथा क्षमता संक्षिप्त प्रतिबेदन ५१
अनुसुचि ४. जोखिम न्युनीकरणको लागि २०७७/२०८१ साल सम्मका वडाबाट
आएका योजनाहरु ७८
अनुसुचि ५.वडा स्तरमा हुनुपर्ने विवरण ९४
अनुसुची ६: वडा स्तरिय सुचना फारम चेक लिष्ट ९५
अनुसुचि ७. वडा स्तरिय विपद् ब्यबस्थापन समितिहरुको विवरण ९६
अनुसुची ८. स्थानीय विपद व्यवस्थापन समितिको विवरण ९८
अनुसुचि ९. स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकार ९९
अनुसुची १०: वातावरण तथा विपद व्यवस्थापन समितिको विवरण १०१
अनुसुची ११. विभिन्न कार्यदलहरु १०२
अनुसुची १२. पालिका भित्र रहेका स्वास्थ्य चौकीहरुको विवरण १०७
अनुसुची १३. संकटासन्नता तथा क्षमता विश्लेषण र
वडा स्तरिय अभिमुखीकरण कार्यक्रमका केही झलकहरु १०८

# यसोधरा गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना २०७७

## खण्ड १ : परिचय

### १.१. यशोधरा गाउँपालिको संक्षिप्त अवस्था :

प्रदेश नं. ५ अन्तरगर्त पर्ने कपिलवस्तु जिल्लाको यसोधरा गाँउपालिका एक महत्वपुर्ण गाँउपालिका हो । यस पालिका कपिलवस्तु जिल्लाको मध्य दक्षिण भागमा अवस्थित छ । यस पालिकाको पुर्वमा मायादेवी गाँउपालिका, पश्चिममा महाराजगंज नगरपालिका रहेको छ भने उत्तरमा कपिलवस्तु नगरपालिका छ र दक्षिणमा छिमेकी राष्ट्र भारत रहेको छ । यो गाँउपालिकामा मधेसीहरुको वाहुल्यता रहेको छ। यहाँ व्राम्हण, मुस्लिम, कुर्मी, चमार, यादव, कलवार, मल्लाह, धोवी, गुप्ता लगाएतका जातजातीहरुको वसोवास छ । साविकका तितिर्खी, गौरी, वसन्तपुर, पर्सोहिया, वैदौली, रंगपुर, सोमदिह र सिंहखोर गाविस समायोजन भई नयां यसोधरा गाउँपालिका गठन गरिएको हो । ८ वटा वडा रहेको यस गाउँपालिकाको जम्मा क्षेत्रफल ६७.५६ वर्ग किमी रहेकोछ भने जनसंख्या ३८९५२ रहेकोछ । यो गाँउपालिकाको उत्तरमा अवस्थित गौतम वुद्धको पवित्र तिर्थस्थल कुदान जुन वौद्ध धर्मावलम्वीहरुको पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण स्थान दिएको छ साथै यसको पुर्वमा सिसहनियाकोट ऐतिहाँसिक स्थलको दृष्टिकोणले महत्वपुर्ण रहेको छ ।

जिल्ला सदरमुकाम तौलिहवा वाट नेपाल भारत सिमाना सम्म पक्की सडक भएपनि गाँउपालिका प्राय जसो भित्र कच्ची र हिलाम्मे र जिर्ण बन्दै गएको वाटो हुदै यस गाउँपालिकामा प्रवेश गर्नुपर्ने भएकाले जिल्लाको मध्यम विकट गाउँपालिकाको रुपमा हेर्ने गरिन्छ । जलवायु, हावापानि, उर्वरता तथा  प्राकृतिक श्रोतसाधनका हिसावले यो गाउँपालिका सम्भावना वोकेको गाउँपालिका हो । नहर, पोखरी, नाला तथा नदिहरुवाट सिचाई सुविधा रहेकाले कृषिमा व्यवसायिकरण र आधुनिकरण गर्न सकिने यथेष्ट सम्भावना हुदाहुदै पनि वाँणगंगा, महासैया, जमुवार, लोहझरवा नदिले वर्षेनी रुपमा गर्ने जमिन डुवान, कटान र पटानका कारण कृषियोग्य भुमि दिनानुदिन नदिको वगरमा परिणत हुदैगएकोछ । विभिन्न नदिहरुको वाढी, सुख्खा खडेरी, आगलागी, हावाहुरी यस गाउँपालिकाको सामाजिक आर्थिक तथा भौतिक विकासका लागी वाधक सिद्ध वन्दै गएको छ । विपद सम्वन्धि जनचेतनाको कमि, जोखिम न्युनीकरण तथा पुर्वतयारीमा स्थानिय सरकारको खासै ध्यान नहुनु, भएको पोखरीहरुको उचित संरक्षण र सम्वर्दन नहुनु आदि कारण यस पालिका वहु प्रकोपको जोखिमको दृष्टिकोणले संकट अवस्थामा रहेको छ । यसै सन्दर्भमा यस यसोधरा गाँउपालिकाको जोखिम पार्श्वचित्र तयार गरि प्रत्यक्ष रुपमा प्रभावित समुदायको दिगो विकासको एकिकृत प्रयासको थालनी गरिएको छ ।

## जनसङ्ख्या तथा घरधुरी

| वार्ड नं. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ६५४ | २४२५ | २२७९ | ४७०४ |
| २ | ६०० | २११० | २२२९ | ४३३९ |
| ३ | ४५८ | १६३९ | १६०९ | ३२४८ |
| ४ | ५५७ | २१७२ | २१७० | ४३४२ |
| ५ | ७५३ | २७९० | २७४३ | ५५३३ |
| ६ | ७३५ | २५९४ | २४९४ | ५०८८ |
| ७ | ८५२ | ३११० | २९०७ | ६०१७ |
| ८ | ८०४ | २८५४ | २८२७ | ५६८१ |
| जम्मा | ५४१३ | १९६९४ | १९२५८ | ३८९५२ |

## १.२. विद्यमान अवस्थाको समीक्षा

सवल पक्षहरु : -

१. स्थानीय तहको निर्वाचन पश्चात गाँउपालिकादेखि वडा बस्ती स्तरसम्म वैधानिक राजनैतिक सक्रियता बढ्दै गएको ।
२. चुरे क्षेत्र भएर बग्ने आधा दर्जन भन्दा बढी खोला नालाको गिट्टी, बालुवा, ग्राभेल र मिस्कटको उपलब्धता र कपिलबस्तु तथा रुपन्देहीमा नदीजन्य उपजको उच्च माग रहेको ।
३. कृषि र पशुपालनको लागि पर्याप्त कृषियोग्य खेतका फाँटहरु, चरनक्षेत्रहरुको रहेको ।
४. बेमौसमी तरकारी तथा फलफुलको लागि उपयुक्त बातावरण तथा तराई एवं भारतीय सीमा सम्मको बजारको उपलब्धता रहेको ।
५. आम वडाबासीहरुमा विकास प्रतिको बढ्दो सक्रियता एवं जागरणका साथै बैदेशिक रोजगारबाट फर्केका युवाहरुमा व्यावसायिक कृषि, माछा तथा पशुपंक्षी पालनमा आर्कषण बढेको ।
६. नियमित खाद्यवालीको अतिरिक्त उच्च मुल्यका कृषिजन्य उपजहरु (उखु, दलहनवाली, वेमौसमी तरकारी आदिको) उच्च संभावना रहेको ।
७. उल्लेख्य परिमाणमा विप्रेषण यस वडाको क्षेत्रमा भित्रिने भएकाले सो विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहेको ।
८. मौरीपालन व्यवसायको लागि सवै बस्तीहरुमा उच्च संभावना भएको साथै केही कृषकहरु आकर्षित समेत भएको अवस्था रहेको ।
९. यस पालिकामा व्यवसायिक रुपमा केरा, आँप, लिचि जस्ता फलफुल खेतीको विकासको उच्च संभावना रहेको ।
१०. तौलिहवा, खुनुवा वोर्डर, कृष्णनगर जस्ता ठुला बजार क्षेत्रमा पँहुच सहज रहेको ।
११. पालिका हुदै जाने ४ नं., तौलिहवा, खुनुवा, केहि भित्री सडक कालोपत्रे भएको, सवै वडा एवं बस्तीहरुमा मौसमी ग्रामीण सडकको उपलब्धता रहेको ।

**चुनौतीहरु**

१. लाखौ लगानी गरी निर्मित एवं निर्माणाधिन पूर्वाधारहरु मर्मत संभार एव उपयोग तथा दिगोपानाको सुनिश्चितता कायम गर्नु ।

२. कार्यक्रमको प्राथमिकीकरण र एकरुपता एवं एकद्धार प्रणाली कायम गर्नुपर्ने, वस्तीस्तरबाट समेत विकास कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने, तत्काल सम्पन्न गर्न सकिने र धेरै जनता लाभान्वित हुने आयोजना मात्र वार्षिक कार्यक्रममा समावेश गर्न नसक्नु ।

३. आयोजना कार्यक्रमको संख्या घटाउनुपर्ने, धेरै आयोजना भन्दा थोरै कार्यान्वयन गर्न सकिने तत्काल गर्नुपर्ने आयोजनाहरु मात्र वार्षिक कार्यक्रममा समावेश गर्नु ।

४. जनसहभागिताको अधिकतम परिचालन गर्नुपर्ने, उपभोक्ता समितिहरुको माध्यमबाट संचालन हुने योजनाहरुमा जनसहभागिताको मुल्य मान्यता एवं सिद्धान्त बमोजिम गर्नु ।

५. संस्थागत क्षमता अभिवृद्धि गर्नु पर्ने, जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी नीतिगत विषय एवं कार्यान्यवन अनुगमनमा जिम्मेवार तुल्याउनु ।

६. आधारभुत सेवा प्रवाह एवं विकास निर्माणको लागि अत्यावश्यक जनशक्ति व्यवस्थापन गर्नु ।

७. विकासका साझेदारहरुलाई गाँउपालिकाको विकास निर्माण प्रक्रियामा मूल प्रवाहिकरण गर्न दर्ता, नविकरण, साझेदारीको क्षेत्र एवं Modality निर्धारण गरी अनुगमन एवं मूल्याङ्कन कार्यलाई नतिजामुलक बनाउनु ।

८. रोजगारी एवं स्वरोजगारीका अवसर बृद्धि गर्नकोलागि कृषि र पशुपालनलाई व्यवसायीकरण गरी उत्पादनमा अनुदान दिने नीति अवलम्बन गर्नुको अतिरिक्त वजारीकरणमा विशेष लगानी गर्नु ।

९. उपभोक्ता समितिहरुलाई सक्षम, जिम्मेवार एवं उत्तरदायी तुल्याउन क्षमता विकास कार्यक्रम सञ्चालन गरी स्थानीय पूर्वाधारहरु जस्तै सडक, मठ मन्दिर, मस्जिद, खानेपानी तथा सरसफाई, सिचाई, विद्यालय, स्वास्थ्य केन्द्र आदि जस्ता आयोजनाहरुको नियमित मर्मत संभारको कार्यक्रम संचालन गर्नु ।

# प्रारम्भिक परिचय

## १.३ परिचयः

नेपाल बाढी, पहिरो, भूकम्प, सुख्खा खडेरी, आगलागी, महामारी एवं जलवायु परिवर्तनजस्ता विविध प्रकृतिका प्रकोपका घटनाहरूबाट संकटासन्न अवस्थामा रहेको छ । यसका अतिरिक्त नेपालमा “बर्ड फ्लु” जस्ता नयाँ प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, सडक दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपद्का घटनाहरू पनि हुने गरेका छन् । यसरी नेपालले वर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ । केही तथ्य र तथ्यांकहरूका आधारमा नेपाल विश्वमा विपद् जोखिमको नक्शांकनमा बीसौं स्थानमा रहेको छ भने नेपाललाई पहिरो र बाढी जस्ता जलजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट तीसौं स्थानमा राखिएको छ ।

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी, पहिरो, महामारी, झाडापखाला, सुख्खा खडेरी, आगलागी र भूकम्प जस्ता विपदहरुवाट हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपद्बाट जीउ धन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । विपद्ले एकातर्फ मानिसको मृत्यु तथा उत्पादन साधनहरूको विनास गराएर तुरुन्तै गरिवीको सिर्जना गर्दछ भने अर्कोतर्फ अत्यधिक जोखिममा रहेका क्षेत्रहरूमा मानिसहरूबाट गरिने अतिक्रमणबाट गरिवीले विपद्लाई झन तीव्र पार्दछ । गरिव समुदाय प्रकोपका कारण विस्थापित भएपछि पुनः प्रकोप हुनसक्ने जोखिमपूर्ण स्थानमै बस्न बाध्य हुन्छन् ।

बाढी तथा पहिरो नेपालमा सबैभन्दा बढी दोहोरिइरहने प्रकोपहरू हुन् । हरेक वर्ष औसतमा करिव १ अरब २० करोड ८० लाख बराबरको सम्पत्तिको प्रत्यक्ष क्षति नेपालले व्यहोर्नु परेको देखिन्छ । सबै असरहरूको क्षति तथा सेवाको अभाव एवं तिनका परिमाणहरूका दृष्टिबाट जोडिएर आउने अप्रत्यक्ष क्षति माथि उल्लेखित सम्पतिको तुलनामा कयौं गुणा बढी भयावह तथा दीर्घकालीन प्रभाव पार्नसक्ने हुन्छ ।

बिभिन्न बिपद र तिनले निम्त्याउने संकटलाई मध्यनजर गर्दा कपिलवस्तु जिल्ला पनि बिपद् प्रभाबित जिल्ला मध्ये एक हो । अधिकाँस भुभाग तराई र भित्री मधेस क्षेत्र रहेको यो जिल्ला बिषमतामा एकता भएको जिल्ला पनि हो । हावापानी, जातजाती तथा भौगोलिक बिषमता भित्र समुदायहरु एक आपसमा मिलेर रहेको देखिन्छ । बिभिन्न खालको बिपदहरु बेला बेलामा आउने गरेको भएपनि बाढी, कटान, डुवान, खडेरी, आगलागी, शितलहर, हावाहुरी, सर्पदंस, महामारी जस्ता बिपदले प्रत्येक बर्ष प्रभावित हुने गरेको पाईन्छ ।

कपिलवस्तु जिल्लामा बिपद्बाट निरन्तर प्रभावित हुने क्षेत्र मध्ये यसोधरा गाँउपालिका पनि एक हो । पूर्वमा माँयादेवि गाँउपालिका, पश्चिममा महाराजगंज न.पा., उत्तरमा कपिलवस्तु न.पा. पर्दछ भने

दक्षिणमा छिमेकी राष्ट्र भारतसंगको सिमाना पर्दछ । उत्तर बाट बग्ने वाणगंगा नदीसंगै प्राकृतिक, भौगोलिक, साँस्कृतिक मनोरमताले यो नगरपालिका सिंगारिएको छ ।

वडा स्तरिय बिपद जोखिम तथा क्षमता बिश्लेषण गर्दा सुख्खा खडेरी, आगलागी, बाढी कटान तथा डुवान प्रमुख प्रकोपको रुपमा रहेको छ भने शितलहर, हावाहुरी, महामारी, सडकदुर्घटना अन्य मुख्य बिपद्को रुपमा देखिएको छ भने पुरै गाँउपालिकामा विविध समस्याहरु पनी रहेका छन् । अन्य बिपद्हरुमा असिना, भुक्षय र भुकम्प सुचिकृत भएका छन् । तर ऐतिहासिक समयको जानकारी लिने क्रममा ३० बर्षको समयमा खडेरी सबै भन्दा धेरै पटक दोहोरिएर आएको पाईन्छ जसका कारण बालीनाली खासगरि धान बाली, तरकारी वालीहरुको क्षति भएको पाईन्छ । त्यसैगरी आगलागीको कारण मानवीय क्षती, पशुचौपायाको क्षती, भौतीक क्षती भएको पाउन सकिन्छ भने वाढी, डुवान, कटान, पटानको समस्या पनि विशेष गरी पालिकाको वडा नं. ७ र ८ देखिएको छ ।

हावाहुरीलाई पनि एउटा बिपद्को रुपमा लिईएको छ यस बाट बिगतमा घरहरु उडाएको र वाली नष्ट भएको पाईयो । भौगोलिक हिसावले धेरै जस्तो समथर भु भाग रहेको यो क्षेत्रको माटो उर्वरशिल भएकाले खेतीपातीका लागी उपयोगी छ तर सिचाईको सुविधा पर्याप्त नभएका कारण यसको सहि सदुपयोग हुन सकिरहेको छैन । सिंचाईको उपयुक्त प्रबन्ध तथा भएका पानीका स्रोतहरुको सहि सदुपयोग भएको खण्डमा यहांको कृषि प्रणालीमा सुधार गरि आयआर्जनमा वृद्धि गर्न सकिने संभावना प्रबल देखिन्छ । यो पालिकाको अधिकाँस क्षेत्र ग्रामीण ईलाका रहेकोले पनि यस क्षेत्रको आर्थिक अवस्था मध्यम कमजोर रहेको देखिन्छ, यस अर्थमा कि जनजाती, दलित, महिला तथा पिछडियको समुदाय विकासका हरेक कार्यहरुमा सम्मान जनक सहभागीता कम रहेको पाईन्छ । कतिपय वडाका जमिनहरु बलौटे भएकोले कृषकहरुले सोही अनुसारको खेति प्रणाली अपनाएको देखिन्छ तर उन्नत प्रबिधि, बिउबिजन तथा सिंचाई अभाबमा खासै फाईदा लिन नसकिरहेको देखिन्छ ।

गाँउपालिका भित्रका केही अति जोखिममा रहेका समुदायलाई नियालेर हेर्ने हो भने, सांच्चीकै दयनिय स्थिती रहेको पाईन्छ । वर्षेनी आउने जलजन्य प्रकोप बाढी, आगलागी, सुख्खा खडेरीको कारणले रुमल्ली रहेका केही समुदायहरु खोलासंगै हातेमालो गरिरहेका छन् । प्रकोप कति खेर आउछ यसको कुनै संकेत नै छैन, यसको व्यवस्थापन गर्न नसक्दा कैयौ भौतिक संरचनाहरुको क्षति हुदै आईरहेको कुरा पनि विभिन्न मिडियाबाट पनि सुन्न पाईएको छ ।

यस क्षेत्रमा रहेका प्रमुख बिपद निम्त्याउने खोला तथा नदीहरुमा वाँणगंगा, जमुवार, महाशैया, लोहझरुवा तथा विभिन्न घोलाहरु रहेका छन् । यि खोलाका कारण विभिन्न समयमा मानिसहरुको मृत्यु, वर्षेनी वर्षभरि खाउला भनि संचित गरिराखेको अन्न, बालीनाली तथा पशुचौपायाहरुको बार्षिक रुपमा भैरहेको क्षतिले मानिसहरु झन् भन्दा झन् कठीन अवस्थाको सिर्जना गरिरहेको छ । यि सबै कारणले गाँउपालिकाले युएमएन नेपालको सहयोगमा दलित सामाजिक विकास केन्द्र र पालिका कार्यालयको नेतृत्वमा नेपाल सरकारले जारी गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा मस्यौदा निर्देशिका २०७४ लाई मध्यनजर गरि यस गाँउपालिकाले स्थानिय विपद व्यवस्थापन समिति तथा विभिन्न कार्यदलहरु गठन गरि कार्यन्वयनका लागी गाँउपालिकामा भएका विभिन्न प्रकोपहरुको सामना गर्न सक्ने क्षमताको विकास गरि अति जोखिममा रहेका समुदायको विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनका विषयमा ज्ञान, सिप र धारणामा सकारात्मक परिवर्तन ल्याई यस्ता प्रकोपको जोखिमहरुलाई न्युनिकरण गर्नूका साथै असल सभ्य सम्मुनत समाज र विपद् तथा

जलवायु उत्थानशिल गाँउपालिकाको निमार्णका लागी विभिन्न सरोकारवालाहरुको सहयोगमा कार्यन्वयन गर्न गराउनका लागी यो गाँउपालिका स्तरिय स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०७७ निमार्ण गरेको छ ।

## १.४ योजनाको उद्देश्य :

(क) विपदवाट हुनसक्ने जनधनको क्षति र साधन स्रोत र संरचनामा पर्न सक्ने प्रतिकुल, प्रभावको विश्लेषण गर्नु ।

(ख) विपद्को समयमा तथा विपद् पश्चात आउन सक्ने संभावित संकटलाई समयमै योजनाबद्ध तरिकाबाट बिश्लेषण गरि बिभिन्न सहयोगी निकायको सहयोग तथा गाँउपालिकाको अग्रसरतामा जोखिम न्युनीकरण, पुर्वतयारी, खोज तथा उद्धार, राहत बितरण तथा पुननिर्माण, पुर्नस्थापनाको कार्यलाई प्रभावकारी बनाउने ।

(ग) स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु ।

## १.५ योजनाको आवश्यकता र महत्व

यसोधरा गाँउपालिका बहुप्रकोपको जोखिममा रहेको छ । वर्तमान गाँउपालिकाको स्थितीलाई विश्लेषण गर्ने हो भने यस पालिकाको स्थानीय बासिन्दाहरु विपद् व्यवस्थापन कसरी गर्ने, विकासका हरेक प्रक्रियामा विपद् जोखिम न्युकिरणलाई कसरी मुल प्रवाहिकण गर्न सकिन्छ, जलवायु परिवर्तनले ल्याएको नकारात्मक असरलाई कसरी अनुकुलन गर्ने, भन्ने बारेमा पर्याप्त जानकारी नहुनाले वर्षेनी धेरै क्षति वेहोर्नुपर्ने स्थिती रहेको छ । यि सबै कारणलाई केलाएर जाने हो भने वास्तविक रुपमा जोखिम न्युनीकरण, विपद् पुर्वतयारी तथा व्यवस्थापन गर्ने विषयमा ज्ञान, सिप र क्षमतामा विकास गर्नुपर्ने अवस्था रहेको छ । विपद् पछिको कार्यमा मात्र केन्द्रित हुनु मात्र नभई विपद् व्यवस्थापनका तिनवटा चरणहरुलाई केन्द्रित गरि गर्नुपर्ने कियाकलापहरुलाई अगाडी बढाउनु पर्ने नितान्त आवश्यकता देखिन्छ । विपद् सम्वन्धि सामना गर्ने समुदायको परम्परागत सिपलाई सुदृढिकरण गर्दै विपद्संग सामना गर्न सक्ने क्षमताको विकास गरि हुन सक्ने भौतिक क्षति तथा मानविय क्षतिलाई कम गर्नका लागि र समुदायको क्षमता अभिवृद्धि गर्नको लागि नेपाल सरकारले जारी गरेको मस्यौदा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निमार्ण निर्देशिका २०७४ लाई आत्मसात गर्दै विपद् उत्थानशिल समुदायको निमार्णका लागी निर्दिष्ट निर्देशिकामा भएका विषयवस्तुको आधारमा योजना निमार्ण गर्नुपर्ने आवश्यक रहेको छ ।

## १.६. योजनाको सिमा

यो विपद तथा जलवायु उत्थानशिल योजना तर्जुमा सञ्चालन गर्दा स्थानीय स्तरका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, राजनीतिक पार्टीका प्रतिनिधिहरु, स्थानीय अगुवाहरु, शिक्षक, महिला स्वास्थ्य स्वयंसेबिकाहरु, सुरक्षाबलका प्रतिनिधिहरु, अपांगता भएका व्यक्तिहरु, बृद्धबृद्धा, आमा समूहहरुका प्रतिनिधिहरु र टोल विकास समितिका प्रतिनिधिहरुको सहभागितामा सहभागिमुलक

प्रक्रियाद्धारा योजना तर्जुमा गरिएको छ त्यसैले यो योजना तथ्यांकमा आधारीत भन्दा छलफल र सहभागीतामुलक बिश्लेषणबाट आएका बस्तुगत सुचनामा बनेको छ ।

- ❖ नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जित मस्यौदा निर्देशिका २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । स्थानीय समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।
- ❖ विपद जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएईका गतिविधीहरुको कार्यन्वयनका लागि सम्बन्धित गतिविधी स्थानिय तहका शाखाहरु तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ । अन्यथा योजना कार्यान्वयनमा समस्या पर्ने देखिन्छ ।
- ❖ गाँउपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा सहभागितामुलक प्रकृयाका माध्यमबाट गरिएको थियो । यस प्रक्रियामा राजनीतीक पार्टिका प्रतिनिधीहरु, सामाजिक संघ संस्थाका प्रतिनिधीहरु, स्थानिय स्तरका सरकारी कार्यालयका प्रतिनिधीहरु, समुदाय स्तरका विपद् व्यवस्थापन समितिका प्रतिनिधी, अपाङगता भएका व्यक्तिहरुको संस्थाहरुबाट प्रतिनिधी, महिला लगायत सम्पुर्ण क्षेत्रको सहभागिता रहेको थियो ।
- ❖ तथ्याकं संकलनको क्रममा विगतका बर्षहरुमा भएका विपद्का घटनाहरु तथा त्यसबाट भएको क्षतिको सम्पुर्ण यथार्त विवरणप्राप्त गर्न कठिनाइ भएकोले वडा तहको संकटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनिकरणका गतिविधिहरुतथा बजेट निर्धारण गर्दा केही लचकता अपनाइएकोछ ।
- ❖ विपद् जोखिम व्यवस्थापनको योजना अन्तर्गत बनाएका गतिविधिहरुको कार्यन्वयनका लागि बढी मात्रामा बाहिरी श्रोतको भर पर्नु पर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनमा असर पर्ने सम्भावना देखिन्छ ।
- ❖ बिभिन्न विपद्हरुबाट हुने क्षतिलाई सिमित स्रोत र साधनबाट न्यून गर्न चुनौती रहेकोछ ।
- ❖ विभिन्न क्षेत्र अर्न्तगत गरिने योजना जस्तै स्वास्थ्य, कृषि, भौतिक संरचना निमार्ण गर्दा बिपद तथा जलबायु उत्थानशिलतालाई संगै जोडेर नलगेमा समस्या समाधानमा सधै चुनौति आईरहने देखिन्छ ।

## १.७ योजनानिर्माण प्रक्रियाविधि :

यो योजना तर्जुमा गर्दा तल उल्लेखित विधि र प्रक्रियाहरु अपनाइएको छ :



## १.८. विपद् व्यवस्थापन योजना कार्यान्वयन रणनिति :

- ❖ योजनालाई गाँउपालिकाको सभाबाट अनुमोदन गराउने गरि कार्यान्वयन गरिनेछ ।
- ❖ समुदाय स्तरका कार्यदलको तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ/संस्थाहरुको सहभागितामा जोड दिइने छ । विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्यहरुलाई परिचालन गरिनेछ ।
- ❖ योजना कार्यान्वयनको लागि गाँउपालिका तथा वडा बाट वजेट छुट्याइने छ भने सरकारी कार्यालय, जिल्ला समन्वय समिती, प्रदेश सरकार, जिल्लाका मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायसँग समन्वय गरिने छ । पालिका भित्र गरिने विकासका कार्यमा विपद्लाई मध्य नजर गरेर गरिनेछ ।
- ❖ स्थानीय ज्ञान, सीप, विधी, प्रविधी र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- ❖ योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद व्यवस्थापन समिती, गाँउ कार्यपालिका, जिल्ला विपद् व्यवस्थापन समितिबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।
- ❖ योजना कार्यान्यवनको लागि समय समयमा बिभिन्न प्रकारका क्षमता अभिबृद्धि तथा पुर्नताजगी तालीमको आयोजना गरिनेछ ।

## १.९ बजेट व्यवस्थापन तथा कार्यान्वयन

- ❖ गाँउ सभावाट स्वीकृत हुने योजना भएकोले योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि गाँउपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।
- ❖ योजना कार्यान्वयनको लागि गाँउपालिका, स्थानिय विपद व्यवस्थापन समिति, विषयगत कार्यालय, विकास साझेदार समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ ।
- ❖ स्वीकृत योजना कार्यान्वयनको लागि नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशिष्ट कार्यक्रम मध्ये प्राथमिकता प्राप्त कार्यक्रम-चार (Flagship four) समुदायमा आधारित एकीकृत विपद् व्यवस्थापन योजनाबाट समेत बजेट परिचालनको व्यवस्था गर्न सकिनेछ ।

## १.१० योजना कार्यान्वयनः

- ❖ पालिगाँउकाले स्वीकृत विपद् जोखिम व्यवस्थापन योजना स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् कार्यान्वयन गराउनेछ ।

- ❖ स्थानीय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदाय तथा वडामा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

## १.११. योजनाको अनुगमन तथा मुल्याङ्कन

- ❖ गाँउपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा वडा स्तरिय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
- ❖ गाँउपालिका स्तरिय स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।
- ❖ विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय स्थानीय तहमा पेश गरिनेछ ।
- ❖ योजनाको बार्षिक रुपमा आवश्यकता अनुसार अद्यावधिक तथा परिमार्जन गर्नेछ ।
- ❖ प्रत्येक बर्ष गँउपालिकाको आयोजनामा एक समीक्षा गोष्ठीको आयोजना गरी योजना अनुगमनमा देखिएका कमी कमजोरीहरुको सुधार गरिनेछ ।
- ❖ अनुगमन मुल्याङ्कन गर्दा स्थानीय समुदायको राय सुझावलाई आधार मानिनेछ ।
- ❖ योजनाको प्रभावकारीताको अध्ययनको लागी हरेक वर्ष गाँउपालिका स्तरमा एक कृत्रिम घटना अभ्यास संचालन गरिनेछ ।

## १.१२ योजनाको पुनरावकोलन तथा अद्यावधिक :

- ❖ गाँउपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपदले संकटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समिक्षा गरी वार्षिक कार्यक्रम तथा योजना तयार गरिनेछ ।
- ❖ विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

# खण्ड २. यसोधरा गाउँपालिकाको संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरिकरण

यसोधरा गाँउपालिकाको विभिन्न वडा स्तरमा जोडी तुलना विधिवाट गरिएको स्तरिकरणलाई समायोजन गर्दै वडा स्तरिय विपद् व्यवस्थापन समितीको विश्लेषणको आधारमा समष्टिगत रुपमा गाँउपालिका भरि सबै भन्दा ठुलो प्रकोपको रुपमा भुकम्पलाई लिई सुख्खा खडेरीलाई दोस्रो ठुलो प्रकोपको रुपमा पहिचान भएको छ । यसै गरि क्रमश: आगलागी, वाढी, डुवान, कटान पटान, शितलहर, हुरी बतास, असिनापानी, चट्याङ, सडक दुर्घटना, जनावर आतंक, महामारी तथा रोगकिरा रहेका छन । यद्यपि कुनै प्रकोप कुनै वडाको लागि प्रमुख मानिएको छ भने कुनै प्रकोप अर्को वडाको लागि प्रमुख रुपमा लिईएको छ । सुख्खा खडेरी वडा नं. ४, ५, ६ र ७ मा पहलो स्तरिकरणमा आएको छ भने आगलागी वडा नं. १, २ र ३ मा  र वार्ड नं. ८ मा वाढी, डुवान, कटान तथा पटान पहिलो स्तरीकरणमा परेको छ । हावाहुरी, शितलहर, महामारी, जनावर आतंक, सर्पदंस, रोगकिरा, सडक दुर्घटना, असिनापानी सवै वडामा उस्तै क्षती हुने देखिएको छ यसबाट के प्रस्ट हुन्छ भने यसोधरा गाँउपालिका बहुप्रकोपको जोखिममा रहेको छ तसर्थ यसको प्रभावकारी व्यवस्थापन र न्युनीकरण तथा अनुकुलन गर्न समुदायलाई मात्र नभई वडा तथा गाँउपालिकालाई ठुलो चुनौतिको रुपमा आएको देखिन्छ ।

**वडा स्तरिय संकटासन्नता क्षमता विश्लेषणमा पहिचान गरिएका प्रकोप तथा जोडि तुलाना विधि वाट गरिएको स्तरिकरण**

| वडा नं. | वडा स्तरिय सरोकारवालाहरुको भेलाद्धारा वडा स्तरिय प्रकोप पहिचान तथा स्तरिकरण जोडा विधि मार्फत | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | भुकम्प | आगलागी | खडेरी | असिना | रोगकिरा | हावहुरी | वाढी | सर्पदंस | महामारी | शितलहर |
| २ | भुकम्प | आगलागी | खडेरी | सर्पदंस | असिना | वाढी डुवान | महामारी | हवाहुरी | रोगकिरा | शितलहर |
| ३ | भुकम्प | आगलागी | खडेरी | वाढी | चट्याङ | हावाहुरी | सर्पदंस | शितलहर | महामारी | असिना |
| ४ | भुकम्प | खडेरी | वाढी तथा डुवान | आगलागी | जनावर आतंक | असिना | शितलहर | सडक दुर्घटना | महामारी | चट्याङ |
| ५ | भुकम्प | खडेरी | सडक दुर्घटना | वाढी | शितलहर | हावाहुरी | आगलागी | रोगकिरा | असिना | जनावर आतंक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | भुकम्प | खडेरी | वाढी | शितलहर | आगलागी | महामारी | हावाहुरी | रोगकिरा | असिना | जनावर आतंक |
| ७ | भुकम्प | खडेरी | वाढी | आगलागी | शितलहर | महामारी | हावाहुरी | सडक दुर्घटना | जनावर आतंक | चट्याङ |
| ८ | भुकम्प | वाढी कटान | खडेरी | शितलहर | वन्यजन्तु आतंक | असिनापानी | सडक दुर्घटना | आगलागी | महामारी | हावाहुरी |

## २.२ प्रकोप बिश्लेषण

गाँउपालिकाको सामाजिक स्रोत, जोखिम नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान, समस्या वृक्ष विश्लेषण, ऐतिहाँसिक समय रेखा, धरातलीय हिँडाइ, संस्थागत विश्लेषण, लक्षित समूह छलफल, प्रत्येक्ष अवलोकन समेतको प्रयोगबाट आएका सुचनाहरुको विश्लेषणका नतिजालाई संक्षिप्त रूपमा तलको ढाँचामा उल्लेख गरिएको छ ।

| **क्र. सं.** | **वडा न., वस्तीहरु** | **समस्या अथवा प्रकोप** | **कारण** | **कारक तत्व** | **प्रभाव** | **सम्भावित समाधानका उपाय** |
|---|---|---|---|---|---|---|
| १. | गाँउपालिका भरि अधिकांसमा पहिलो स्तरिकरणमा आएको | **सुख्खा खडेरी** | • लामो समयसम्म बर्षा नहुनु ।<br>• पानीको श्रोतहरु सुक्नु<br>• सिंचाईको सुबिधा पर्याप्त नहुनु | • अनियमीत बर्षा<br>• जलवायु परिवर्तन हुनु<br>• बढ्दो मरुभुमिकरण<br>• विश्व उष्णीकरण<br>• पानीको श्रोतको सहि सदुयोग नगर्नु<br>• बन बिनास | • बालीनाली सुक्नु तथा उत्पादनमा ह्रास हुने जसका कारण आम्दानीमा कमी तथा खाद्यान्नको अभाव ।<br>• खानेपानीको अभाव<br>• जलवायु अनुकुलीत खेति प्राणालीको बारेमा जानकारी नहुनु ।<br>• महामारीको अवस्था सिर्जना हुने । | • सिंचाईको व्यवस्था गर्ने ।<br>• जलवायु अनुकुलित खेति प्रणाली अबलम्बन गर्ने ।<br>• बृक्षारोपण तथा भएका बनजंगलको संरक्षण गर्ने ।<br>• पोखरी संरक्षण गर्ने,<br>• वृक्षारोपण गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | पलिकाभर दोस्रो स्तरिकरण मा आएको | **आगलागी** | • लापरवाही गरेर जथाभावी आगो बाल्नु<br>• ज्वलनशील बस्तु बालबालिकाले भेट्ने ठाउँमा राख्नु<br>• विधुत सर्ट हुनु,<br>• चट्याङ पर्नु | • गुचमुच्च परेका अव्यवस्थित घरहरु<br>• हावाहुरी चल्नु<br>• लापरवाही वानी व्यवहार<br>• फुसले छाएको घर<br>• जनचेतनाको कमी<br>• सुख्खा मौसम हुनु | **असर**<br>• वन जंगल विनाश हुनु<br>• घरगोठ, व्यवसाय तथा सार्वजनिक संरचना जल्नु<br>• भौतिक संरचना नाश हुनु<br>**प्रभाव**<br>• आर्थिक अवस्था खस्कनु<br>• धन, जन, पशु क्षति<br>• दैनिक क्रियाकलापमा अवरोध हुनु<br>• बसाँई सँराई<br>• खर्च वढ्ने<br>विरामी पर्नु | • जनचेतनामुलक कार्यक्रम गर्ने<br>• सचेतिकरण<br>• पर्याप्त मात्रामा पानीको व्यवस्था<br>• कच्ची घर भए भान्सा माथिको छानो लिपपोत गर्ने<br>• फुसको छानो मुक्त अभियान संचालन गर्ने |
| ३ | तेस्रो नं. मा स्तरिकरणमा परेका, | **बाढी, कटान, डुवान, पटान** | ▪ अत्यधिक बर्षा हुनु<br>▪ जलवायु परिवर्तन<br>▪ जमिनको क्षयिकरण<br>▪ होचो तथा खोला, नदी नजिक वस्ती तथा खेतीपाती | ▪ कमजोर भुधरातल<br>▪ जनचेतनाको कमी<br>▪ वन विनास<br>▪ जथाभावी सडक निर्माण गर्दा जमिनको क्षयिकरण | **असर**<br>• घर भत्किनु<br>• अन्न वाली वगाउनु<br>• जमिन कटानी हुनु<br>• पशु चौपया मर्नु<br>**प्रभाव**<br>• समुदाय विस्थापित<br>• गरिबी बढ्नु<br>• महामारी फैलनु<br>• मानवीय क्षति<br>• भौतिक संरचना भत्कनु<br>• मानसिक तनाव<br>• उत्पादनमा कमी<br>• वस्ती डुवानमा | • सुरक्षित स्थान पहिचान<br>• वृक्षारोपण<br>• जनचेतना<br>• पुर्वतयारी सामाग्री<br>• आपतकालीन योजना<br>• पानी निकासको व्यवस्था<br>• राहत कोष निर्माण गर्नु<br>• सुरक्षित आश्रय स्थलहरु निर्माण गर्नु,<br>• पुर्व चेतवनी प्रणातीको विकास गर्ने,<br>• आवश्यक अल्पिकरण तथा रोकथामको उपायरु अपनाउने, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पर्नु | ● डुवान सहन सक्ने विउको प्रयोग गर्ने । |
| ४ | सबै वडाहरुमा स्तरिकरणमा आएको | **शितलहर** | ● लामो समय सम्म चिसो हुनु<br>● हिउँदे बर्षा<br>● हावाको वहाव | ● जलवायु परिवर्तन हुनु<br>● बढ्दो मरुभुमिकरण<br>● विश्व उष्णता<br>● वायुमण्डलीय चाप | **असर**<br>● निमोनिया लाग्नु<br>● नगदे वाली, फलफूल तथा तरकारी वाली नाश हुनु<br>**प्रभाव**<br>● वृद्धवृद्धाहरुलाई दम बढ्नु<br>● रुघा खोकी लाग्नु<br>● मानिसको मृत्यु हुनु<br>● आर्थिक अवस्था कम्जोर हुनु<br>● भोकमारी हुनु | ● तातो पानी खानु पर्ने<br>● आगो ताप्नु पर्ने<br>● न्यानो लुगा लगाउनु पर्ने<br>● बालबालिकालाइ्<br>● घर बाहिर खेल्न नदिने,<br>● चिसो सहन सक्ने विउ लगाउनु पर्ने वा टनेल खेतीलाई प्रोत्साहन गर्नुपर्ने ।<br>● आवस्यक औषधीहरु भण्डारण गर्ने । |
| ५ | सबै वस्ती हरुमा स्तरिकरणमा आएको | **हुरीबतास** | ● जंगल बिनाश हुनु<br>● सुख्खा मौसम<br>● भौगोलिक भुबनाबट | ● जंगल बिनाश हुनु<br>● जलबायु परिवर्तन हुनु<br>● अग्ला र कमजोर संरचनासहितको घरहरु निर्माण गर्नु । | ● घर भत्किनु, उडाउनु<br>● चोटपटक लाग्नु<br>● मानिस घाईते हुनु तथा मर्नु<br>● अर्थिक भारमा वृद्धि<br>● धन, जन, पशु क्षति<br>● भौतिक संरचनामा क्षति<br>● गरिवी बृद्धि | ● घरको छानो राम्रोसँग निर्माण गर्नु<br>● होचा घरहरु निर्माण गर्नु<br>● जनचेतना<br>● आपतकालीन योजना<br>● बृक्षरोपण गर्नु,<br>● वस्ती वरपर अग्ला रुखहरु, तार, पोल, वोर्डहरु व्यवस्थापन गर्ने |
| ६ | सबै वस्ती हरुमा स्तरिकरण मा आएको | **जनावर आंतक** | ● वनजंगल फडानी<br>● असाभधानी<br>● नजिकै जंगल | ● जंगलमा खाद्यान्नको अभाव<br>● गाईबस्तु जथाभावि | मानसिक तनाब खेतिबाली समेत नोक्सानी, वाली खाईदिने, | ● खेतिबालीको लागि प्राबिधिक सल्लाह अनुसार नियन्त्रणको कार्य गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | रुपमा छाडा छोडने । | | ● वुख्याचाहरु, हुँड राख्ने,<br>● वाली हेरालुहरुको व्यवस्थापन गर्ने । |
| ७ | सवै वस्तीहरुमा पनि स्तरिकरणमा आएको । | **महामारी** | ● बाढी आँउदा<br>● चेतनामा कमी<br>● खुल्ला दिशा पिसाब गर्नाले शुद्ध खाने पानीको अभाव<br>● अति खडेरी र खानपानको कारण पनि हुन्छ,<br>● लामखुट्टे तथा भुसुनाको टोकाई | ● जहापायो त्यहीको पानी खानाले, चेतनाको अभाव, फोहोर मैला व्यवस्थि नगर्नाले तथा सफा व्यबहार नअपनाउनाले, दिशा गरेपछी हात धुने बानी नहुनु,<br>● चर्पीको सही सदुपयोग नहुनु,<br>● खानेकुरा खानु अगाडी हात धुने तथा फलफुल नधोई खानेबानी हुनु,<br>● चेतनामा कमी<br>● अब्यबस्थीत पशुपालन,<br>● कमजोर आर्थिक अवस्था<br>● सरसफाई भन्दा कामलाई बढी ध्यान दिनु | **<u>असर</u>**<br>● रोग व्याधि लाग्नु<br>● झाडापाखाला लाग्नु<br>● मानिस विरामी हुनु<br>● विभिन्न सरुवा रोग फैलिनु<br>**<u>प्रभाव</u>**<br>● अकालमा ज्यान जानु<br>● पारिवारी तनाव बढ्नु<br>● टाउको दुख्ने आँखा दुख्ने समस्या<br>● शारीरीक तथा मानसीक रुपमा कमजोर हुनु,<br>● गरीवी बढ्छ,<br>● खर्चमा बृद्धी हुनु, | ● जनचेतना फैलाउने<br>● चर्पी अनिबार्य बनाउने अभियान<br>● पानी उमालेर खाने, खाना खानु अघि वा पछि सावुन पानीले हात धुने |
| ८ | सवै वस्तीहरुमा स्तरिकरणमा आएको | **असिना** | जलबायु परिवर्तन | जलबायु परिवर्तन | बालीनाली तथा अन्य भौतिक क्षति चोटपटक लाग्ने | बालीनाली तथा सम्पतिको बिमा गर्ने । |
| ९ | केही | **सर्पदंस** | ● वाढी डुवान | ● जनचेतनामा | ● मानिसहरुको | ● जनचेतना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वडाहरुमा स्तरिकरणमा आएको | | हुनु<br>● घरवरपर सरसफाईमा ध्यान नदिनु,<br>● | कमि<br>● सावधानी भन्दा कामलाई बढी ध्यान दिनु | मृत्यु, घाईते हुनु<br>● समुदायमा त्रास फैलिने,<br>● सामाजिक तनाव | फैलाउने,<br>● घर तथा काम गर्ने खेतवारी, जंगल, खोला तथा वगैचाहरुमा विशेष सावधानी अपनाउने,<br>● सरसफाईमा ध्यान दिने,<br>● सर्पदंश उपचार केन्द्रहरु पालिका स्तरमा स्थापित गर्ने । |
| १० | केही वडाहरुमा स्तरिकरणमा आएको | **रोगकिरा** | ● जलवायु परिवर्तनको असर,<br>● खेतीवाली परिवर्तनको ज्ञानको कमि<br>● माटो परिक्षण नगर्नु | ● जनचेतनामा कमि,<br>● समस्या समयमानै समाधानमा ध्यान नदिनु<br>● कृषि प्राविधिकहरु को कमि<br>● परम्परागत खेती प्रणाली | ● वालिनाली तथा फलफुल नष्ट,<br>● खाद्यान्न अभाव, आर्थिक क्षती,<br>● गरिवि वढाउने | ● जनचेतना फैलाउने,<br>● जलवायु अनुकुलीत तथा आधुनीक खेती प्रणाली अपनाउने<br>● वाली तथा पशु विमा गर्ने |
| ११ | केही वडाहरुमा स्तरिकरणमा आएको | **सडक दुर्घटना** | ● असावधानी पुर्ण सवारी साधन हाँक्ने,<br>● मादक पदार्थ सेवन,<br>● समयको व्यस्थता | ● साँघुरो सडक,<br>● सवारी साधनको चाप | ● भौतिक क्षती,<br>● मानीस, पशुहरु मर्नु तथा घाईते हुनु,<br>● मानिसहरु सडकवाट आतंकित हुनु | ● ठाँउ ठाँउमा रोड व्रेकरहरु निर्माण गर्नु (आधुनीक)<br>● ट्राफिक नियम कडाइका साथ लागुगर्ने ।<br>● सडक सुचना वोर्ड हरुको व्यवस्थापन गर्ने ।<br>● लापरवाही गर्ने लाई कडा कारवाही गर्ने ।<br>● लाईसेन्स प्रणालीमा कडाई गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | केही वडाहरुमा स्तरिकरणमा आएको | **चट्याङ** | • जलवायु परिवर्तन,<br>• असावधानी | • जनचेतनाको कमि,<br>• जलवायु परिवर्तन | • आगलागी हुनु,<br>• पशुचौपायाहरु घाईते वा मर्नु<br>• मानिसहरु घाईते हुनु वा मर्नु<br>• विधुतीय क्षती तथा ठुलाठुला रुखहरुको क्षती | • प्रत्येक संरचनाहरु निर्माण गर्दा अर्थिङ गर्ने,<br>• जनचेतना फैलाउने, |
| १३ | ( प्राथमिकरणमा नपरेको तर नेपालको भौगोलिक अवस्था तथा बैज्ञानिक तथ्यको आधारमा प्रमुख मा परेको | **भुकम्प** | • धरातलिय प्लेटहरु कमजोर हुनु<br>• ज्वालामुखि विस्फोट भएर<br>• भुगर्भ भित्र हलचल हुनु<br>• पृथ्वी भित्र रहेको अत्यधिक ताप र चापका कारण | • भवन निर्माण आचारसंहिता कार्यान्वयन नहुनु<br>• भूकम्प प्रतिरोधक भवनहरु निर्माण हुन नसक्नु<br>• घर बनाउदा गुणस्तरहिन समाग्रीको प्रयोग<br>• जलवायू परिवर्तन<br>• भौगोलीक बनावट<br>• पृथ्विको अत्याधिक तापकम<br>• गरिबीका कारण राम्रो घरहरु बनाउन नसक्नु<br>• समुदायस्तरमा प्राविधिक ज्ञान सीप नहुनु<br>• भिरालो जमिन,धाप र कमजोर जमिन | **असर**<br>• भौतिक संरचनाहरु ध्वास्त हुनु<br>• जनधनको क्षति हुनु<br>**प्रभाव**<br>• मानसिक तनाब र मानसिक सन्तुलन गुमाउने<br>• करेन्ट सर्ट भएर वा मट्टितेल, ग्यास, पेट्रोल चुहिएर आगलागी हुन सक्छ<br>• फोहोर, मानव तथा पशु चौपायाहरुको लाशको कारण महामारी फैलन सक्छ<br>• बसाँई सँराई<br>• गरिवी बढ्नु | • सुरक्षित स्थान पहिचान<br>• भवन निर्माण आचारसंहितालाई प्रभावकारी कार्यान्वयन गर्ने<br>• जनचेतनामूलक कार्यक्रम गर्ने पुर्वतयारी सामाग्री<br>• आपतकालीन योजना<br>• पूर्व अभ्यास गर्ने<br>• व्यवस्थित खानेपानी<br>• भुकम्पबाट हुने क्षति कम गर्न गह्रौ सामान हरु दाराजमाथि दलमा झुन्ड्याएर नराख्ने |

माथीको तालिकालाई अध्ययन गर्दा वर्षेनी रुपमा आउने बाढीले विभिन्न वस्ती, खेती योग्य जमिन तथा खेतीपातीहरुमा उच्च समस्याको रुपमा आएको देखिन्छ तथापि बाढीको कारण असर परिरहेको तथा क्षति भएको पाईन्छ । अनियमीत बर्षा, अतिबृष्टि, अनाबृष्टि निकासको समस्या, विपद् सम्वन्धि जनचेतनाको अभाव देखिनु, जलवायु परिवर्तन हुनु यावत कारणले गर्दा बाढी जाने गरेको तथा सबै बार्डहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाबित भएको देखिन्छ ।

यस पालिकामा गर्मी तथा सुख्खा मौसममा आगलागीको समस्या पनि जटिल छ, हुरीवतासको समयमा जथाभावी डढेलो लगाउने परम्परा, फुसले छाएको घर तथा गोठहरु, गुचुमुच्च परेको वस्ती तथा जनचेतनामा कमिको कारण यस पालिकाले विभिन्न समयमा विभिन्न समस्याहरु भोग्नु परेको छ ।

यसैगरि खडेरीका कारण सुख्खा भई वाली, धन, पशु चौपायाको क्षती हुने गरेको छ भने कतिपय अवस्थामा खडेरीको समयमा बिभिन्न महामारी समेत हुने कारण मानिसहरु बिरामी हुने गरेका छन् । यसै गरि शितलहरका कारण मानिसहरु विशेष गरी वालवालिका, वृद्ध, वृद्धाहरुमा निमोनियाको समस्या तथा वर्षेनी वालीहरुमा असर पर्न गई लाखौं रुपैया बराबरको क्षति हुने गरेको पाईयो ।

त्यसैगरि हुरीबतासले विभिन्न समयमा टिनको छानाहरु उडाउँदा धन जनको क्षती भईरहेको पाईएको छ, त्यस्तै कोभिड १९ जस्ता महामारी, किरा तथा लामखुट्टेको आक्रमण, सडक दुर्घटना, असिना र भुकम्प गरि बिभिन्न किसिमका बिपद्को सामना स्थानीय स्तरमा भोगिरहेको तथ्य आएको छ । समुदायसंगको छलफल तथा मौषमी पात्रोको आधारमा बर्षाको समयमा परिवर्तन भई पछि र्सदै गएको तथा बाढी तथा महामारी जन्य प्रकोपपनि पछाडी जाने गरेको पाईन्छ भने जाडोको समयपनि घटेको पाईन्छ तर जाडोको मात्रा तथा हुस्सु लाग्ने समयाबधि बढीरहेको छ ।

वस्तीहरुका बिभिन्न किसिमका समुह, संघसंस्था तथा कार्यालयहरुले कार्यक्रम गरिहेको भएपनि निर्णायक तहमा महिला, फरक किसिमले सक्षम तथा बिपन्न तथा दलित बर्गको सहभागीता तुलनात्मक रुपमा कम पाईयो यद्यपी सहभागीताका हिसाबबाट प्रतिनिधी राखिएका भएपनि उनिहरुको भुमीका खासै नखोजिने कुरा छलफलको क्रममा पाईयो ।

गाँउपालिका भित्र सड्क सञ्जाल बिस्तारको स्थिति राम्रो देखिए पनि ग्रामीण सडकहरु होचो स्थानमा, भिरालो, ग्राभेल नगरिएको, साँगुरो तथा आवश्यक मात्रामा कर्ल्भट र पुल नबनाईएकोले बर्षाको समयमा डुवानमा पर्ने तथा वाढी आउने, कतै बाटोनै बगाएर लैजाने तथा हिलाम्ने हुने गरेकोले आवत जावतमा समेत कठीनाई भैरहेको छ । जसका कारण बाढी प्रभावित भैहालेमा समेत तत्काल गर्नुपर्ने राहत उद्धारका कार्य पनि प्रभावित हुनेछ र हुने गरेको पनि थियो ।

उत्पादनशिल जमिन भए पनि सिंचाईको अपर्याप्तता, रोग किराको आक्रमण, खडेरी, शितलहर तथा असिनाको कारणले बर्षेनि लाखौ बराबरको नोक्सानि ब्यर्होनु परिरहेको छ । त्यसका अलाबा उर्वर जमिनको क्षति पनि हुने गरेको छ । कतिपय समुदायका जग्गाहरु बलौटे भएकोले चाहेजस्तो बालि तथा उत्पादनहरु लिन नसकेको अवस्था रहेको छ । समुदाय स्तरमा बहु प्रकोपको व्यवस्थापन तथा विपद् तथा जलवायु परिवर्तन सम्वन्धि जनचेतनामा कमी देखिन्छ । त्यसैले स्थानीय समुदायमा बहु प्रकोप व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धि जनचेतना वृद्धि गरि समुदायको विपद् संग सामना तथा जलवायु अनुकुलन गर्न सक्ने खेति प्रणाली सम्बन्धि क्षमताको विकास गर्न सके यो पालिकामा बिपद तथा जलवायु परिवर्तनको असर कम हुने तथा आर्थिक क्षति कम गर्न सकिने कुरा स्पष्ट हुन्छ ।

## २.३ गाँउपालिकाको संकटासन्नता स्तरिकरण

गाँउपालिकाको संकटासन्न स्तरीकरण विगतमा भएको क्षति तथा भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर तयार गरिएको छ । बिगतका भएका विपद्का घटना तथा त्यसबाट भएको क्षतिको बिवरण समुह छलफलबाट आएको स्तरिकरण नतिजा तथा अन्य सुचनाहरु गाँउपालिका कार्यालय तथा निर्वाचित प्रतिनिधिहरुको सुझावको आधारमा गरिएको थियो । गाँउपालिकाको संकटासन्नता स्तरीकरण गर्दाक्रमश: बाढी, खडेरी, शितलहर, आगलागी, किटआतंक, हुरी बतास, महामारी, असिना, सर्पदंश, सडक दुर्घटना, रोगकिरा, वन्यजन्तु आतंक र भुकम्प रहेका छन । यसै आधारमा विभिन्न प्रकोपका दृष्टिकोणले नगर र त्यस अर्न्तगत रहेका घर परिवार संकटासन्नता छन् भनेर स्तरीकरण निम्न वमोजिम गरिएकोछ ।

| वडा नं. | उच्च संकटासन्न घरधुरी | मध्यम संकटासन्न घरधुरी | न्युन संकटासन्न घरधुरी | जम्मा | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|
| १ | ६० | ४२५ | १६९ | ६५४ | खोलाको छेउमा तथा होचो स्थानमा वस्ती तथा घर, आर्थिक अवस्था कमजोर भएको, जनचेतना, प्रत्येक बर्ष बिपद्को असर परिरहने । जिबिकोर्पाजनमा लागि कठीन, अपर्याप्त सिंचाई, फुसको छानाको घरहरु, वाढि नजिक खेतीपातीहरु, सरसफाई, ढलनिकास |
| २ | ५५ | ४१७ | १२० | ६०० | |
| ३ | ४६ | ३०२ | ११० | ४५८ | |
| ४ | ५२ | ३८४ | १२१ | ५५७ | |
| ५ | ९७ | ४७५ | १८१ | ७५३ | |
| ६ | ८२ | ४७० | १८३ | ७३५ | |
| ७ | १०३ | ५०७ | २४२ | ८५२ | |
| ८ | १०९ | ४९९ | १९६ | ८०४ | |
| जम्मा | ६०४ | ३४७९ | १३३० | ५४१३ | |

**अपांगता सम्वन्धि विवरण**

| अपाङ्गताको प्रकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| क वर्ग | | | ३२ जना |
| ख वर्ग | | | |
| ग वर्ग | | | |
| घ वर्ग | | | |
| जम्मा | | | |

## २.४. वडाहरूको सङ्कटासन्नता स्तरिकरण

सङ्कटासन्नता स्तरीकरणः विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गरिएको छः

यसोधरा गाँउपालिका कपिलवस्तु

| वडा नं | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | बालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा अंकभार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ३ | २ | ३ | २ | १ | ३ | ३ | ३ | २ | ३ | २ | २ | २ | ३५ म |
| २ | १ | ३ | ३ | ३ | २ | १ | २ | ३ | ३ | २ | ३ | २ | २ | २ | ३२ म |
| ३ | ६ | ३ | २ | ३ | १ | १ | २ | ३ | ३ | २ | ३ | २ | २ | २ | ३५ म |
| ४ | २ | ३ | २ | ३ | १ | १ | ३ | ३ | ३ | २ | ३ | २ | २ | २ | ३२ म |
| ५ | २ | ३ | ३ | ३ | २ | १ | २ | ३ | ३ | २ | २ | २ | २ | २ | ३२ म |
| ६ | २ | ३ | २ | ३ | १ | १ | २ | ३ | ३ | २ | २ | २ | २ | २ | ३० म |
| ७ | ६ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | २ | २ | २ | २ | ३९ उ |
| ८ | ६ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | २ | २ | २ | २ | ३९ उ |

माथिको स्तरिकरणको नतिजा अनुसार विगत ३० वर्षको विपदको ऐतिहासिक घटनाक्रम, तिनिहरुले पुरयाएको क्षती, सम्भावित क्षती भोगाई तथा सिकाईहरुलाई मध्येनजर गर्दै गरिएको विष्लेशणमा सवै भन्दा वढि अंक ३९ नं. प्राप्त गर्ने वार्ड नं. ७ र ८ परेको छ भने वार्ड नं. १ र ३ ले ३५ अंक प्राप्त गरेको छ । त्यसैगरी वार्ड नं. २, ४ र ५ ले ३२ अंक र ६ नं. वार्डले ३० अंक प्राप्त गरेको छ । २ वटा वडाहरु ७ र ८ नं. यस पालिकाको उच्च संकटासन्न अवस्थामा रहेको छ भने वाँकी ६ वटा वडाहरु मध्यम संकटासन्न अवस्थामा रहेको छ ।

### सङ्कटासन्नता स्तरीकरण अङ्कभार आधार

| क्र. सं | सङ्कटासन्नता मापनका सुचकहरु | मापन  गर्ने तरिका | अङ्कभार |
|---|---|---|---|
| १ | मानविय क्षति | ०-१ जनाको मृतु= न्युन | २ |
| | | २-५ जनाको मृतु= मध्यम ४ | ४ |
| | | ५ भन्दा बढी = उच्च ६ | ६ |
| २ | प्रभावित परिवार | ५० परिवार = न्युन | १ |
| | | ५१-१०० = मध्यम | २ |
| | | १०१ भन्दा बढी = उच्च | ३ |
| ३ | घरको क्षति | ०-१० घरको क्षति= न्युन | १ |
| | | ११-५० = मध्यम | २ |
| | | ५० भन्दा बढी = उच्च | ३ |
| ४ | आर्थिक क्षति | ०-१ लाखको क्षति= न्युन | १ |
| | | १-५० लाखको क्षति= मध्यम | २ |
| | | ५० लाख भन्दा बढी = उच्च | ३ |
| ५ | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | ५ विगाहाको क्षति= न्युन | १ |
| | | ५-५० विगाहाको क्षति= मध्यम | २ |
| | | ५१ भन्दा माथिको क्षति = उच्च | ३ |
| ६ | सामाजिक क्षति | मानिस, वालवच्चा हराएमा, महिला हिंसाका घटना, चोरी डकैतिका घटना वा अन्य घटना मध्ये कुनै एक भएमा = न्युन | १ |
| | | मानिस, वालवच्चा हराएमा, महिला हिंसाका घटना, चोरी डकैतिका घटना वा अन्य घटना मध्ये कुनै दुवै भएमा = मध्यम | २ |
| | | मानिस, वालवच्चा हराएमा, महिला हिंसाका घटना, चोरी डकैतिका घटना वा अन्य सामाजिक अपराधका घटना सवै भएमा = उच्च | ३ |
| ७ | विगतमा भएका विपद्का घटनाक्रम | १-२ विपद् भएको = न्युन | १ |
| | | २-५ विपद् भएको = मध्यम | २ |
| | | ५ भन्दा वढी विपद् भएको = उच्च | ३ |
| ८ | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | १० दिन भन्दा कम = न्युन | १ |
| | | १०-२० दिन सम्म = मध्यम | २ |
| | | २० दिन भन्दा बढी = उच्च | ३ |
| ९ | तापकककममा | महशुस भएको = न्युन | १ |

| | | | |
|---|---|---|---|
| | आएको परिवर्तन | महशुस भएको तर असर कम देखिएको = मध्यम | २ |
| | | वालि, वनस्पति लोप भएको = उच्च | ३ |
| १० | जोखिमले भविश्यमा पार्न सक्ने असर | खोला, पहिरो नजिक रहेको वस्तिको जनसंख्या १० प्रतिशत भन्दा कम भएमा= न्युन | १ |
| | | पानिको प्रयाप्तामा कमि वा बढी, ढल वा फोहर  व्यवस्थापनमा नभएको वा खोला, पहिरो नजिक रहेको वस्तिको जनसंख्या १०-३० प्रतिशत भएमा= मध्यम | २ |
| | | पानिको प्रयाप्तामा कमि वा बढी, ढल वा फोहर  व्यवस्थापनमा नभएको वा खोला वा पहिरो नजिक रहेको वस्तिको जनसंख्या ३० प्रतिशत भन्दा बढी भएमा वा जनावर आतङक वा खुल्ला क्षेत्रको कमी= उच्च | ३ |
| ११ | स्रोतको उपलब्धता तथा पहुँच | स्रोतको प्रर्याप्तता भएको र पहुँच भएको = न्युन | १ |
| | | स्रोतको प्रर्याप्तता भएको तर पहुँच नभएको = मध्यम | २ |
| | | स्रोतको कमि = उच्च | ३ |
| १२ | संस्थागत क्षमता | संस्था भएको र विपद्मा काम गर्ने सामर्थ राख्ने = न्युन | १ |
| | | संस्था रहेको तर विपदमा काम गर्न सक्ने क्षमता नभएको वा संस्था वारे समुदायलाई जनकारी नै नभएको = मध्यम | २ |
| | | संस्था धेरै टाढा भएको वा संस्था नैं नभएको = उच्च | ३ |
| १३ | जनसंख्याको विश्लेषण | अपाङता भएका व्यक्ति, गर्भवति महिला, पाँच वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जनसंख्या २० प्रतिशत भन्दा कम भएमा = न्युन | १ |
| | | अपाङता भएका व्यक्ति, गर्भवति महिला, पाँच वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जनसंख्या २०-४० प्रतिशत भएमा = मध्यम | २ |
| | | अपाङता भएका व्यक्ति, गर्भवति महिला, पाँच वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जनसंख्या ४० प्रतिशत भन्दा बढी भएमा = उच्च | ३ |
| १४ | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको प्रयोग गरी विपद् तथा जलवायु परिवर्तनका असरलाई न्युनिकरण गर्न प्रयोग भएको = न्युन | १ |
| | | स्थानीय ज्ञान, सीप, क्षमता भएको तर प्रयोग नभएको वा प्रविधिको प्रयोग नभएको = मध्यम | २ |
| | | नयाँ वस्ति तथा प्रविधिको प्रयोग नभएको = उच्च | ३ |

**स्पष्टीकरणः**

| क्र.सं | अङ्कभार | स्तर |
|---|---|---|
| १ | ३८ भन्दा माथी अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | २४ देखि ३८ अङ्कभार सम्म | मध्यम सङ्कटासन्न |
| ३ | २३ भन्दा कम अङ्कभार | न्यून सङ्कटासन्न |

## २.५ गाँउपालिकाको क्षमता विश्लेषण

गाँउपालिकामा रहेको बिद्यमान सङ्कटासन्नता र जोखिमको सामना गर्न पालिकाले ब्यवस्थापन गर्न सक्ने, गाँउपालिका भित्र वा बाहिर रहेका क्षमताहरु के कस्ता छन् भनेर पहिचान गर्दा तल उल्लेखित क्षमताहरु देखिएको छ ।

पालिका भरी ग्रावेल तथा कच्चा सड्क सञ्जाल ६६ किमि रहेको छ भने २७ किमि पिच तथा पिसिसि सडक रहेका छन । गाँउपालिका भरि जम्मा ६० भन्दा वढि वटा पक्की पुलहरु रहेका छन भने २०० वटा भन्दा वढि कल्भर्टहरु तथा १३ वटा वाँध रहेका छन । गाँउपालिका भित्र सरकारी तथा निजि (मदरसा समेत) गरि ४५ वटा बिद्यालय, १ सामुदायिक अध्ययन केन्द्र रहेका छन् भने करिव १०,००० विद्यार्थीहरु अध्ययनरत छन । यस गाँउपालिकामा महिलाहरुको वचत समुह, सामुदायिक संस्था संञ्जालहरु रहेका छन् । त्यसै गरि निर्णय तहमा १८ जना महिलाहरु काम गरिरहेका छन् । समाजमा अपांगता भएका ब्यक्तिहरु मिलि औपचारिक तथा अनौपचारिक रुपमा ५ वटा वार्डमा आफ्नै संस्था तथा सञ्जाल तयार गरि कार्यरत रहेको पाईयो । यस पालिकामा स्थानिय विपद व्यवस्थापन समिति गठन भई विपद व्यवस्थापन कोष संचालनमा छ भने १ एम्वुलेन्स संचालनमा छ, १ रवरवोट वडा नं. ८ सिहोखोरमा रहेको साथै पालिकामा संचारको पर्याप्त विकास र सवारी साधनको पनि सुविधा रहेको छ भने दमकलको लगि कपिलवस्तु नगरपालिकालाई गुहार्नुपर्ने अवस्था छ ।

पालिका भरीमा ३ वटा सामुदायिक भवन रहेको छ भन यो गाँउपालिका धार्मीक हिसाबले धनि रहेको छ । जहाँ ९१ वटा मठ मन्दिर जसमा शिवालय, हनुमान, दुर्गा मन्दिरहरु रहेका छन भने ३४ वटा मस्जिद रहेको छ साथै पालिकामा केही धार्मिक भवनहरु समेत रहेका छन् । यो पालिका भरिमा गरि २०८ जना शिक्षकहरु, ३३ कर्मचारीहरु, ८ जना कृषि प्राविधिकहरु, ४ जना पशु प्राविधिकहरु, ६०० सिकर्मी तथा ७२० जना डकर्मी रहेको तथ्यांक छ । खानेपानीको लागि घर घरमा नल्का, ह्याण्ड पम्प, धारा आदिको प्रयोग भईरहेको पाईयो । महिला स्वास्थ्य स्यंसेसविकाहरु पनी प्रत्येक वस्तीहरुमा गरि १०६ जना रहेका छन् भने स्वास्थ्य चौकी संग ५३ जना कर्मचारीहरु रहेको छ ।

पालिका भरी १०० जना भन्दा बढी व्यक्तिहरु पौडन् सक्ने सिप भएका छन् तर खोज तथा उद्धार तालिम लिएका पौडिबाजहरु छैनन् । अन्य बाँकी सबेलेआफैले यो सिप सिकेको बताउँछन् । गाँउपालिकामा बिपद् व्यवस्थापन तालिम लिएका व्यक्तिहरु ३ जना वडा नं. ८ मा रहेको छ । यसोधरा गाँउपालिका वार्ड नं. ८ मा मात्र आधारभुत खोज तथा उद्धारको सामग्रीहरु तथा प्राथामिक उपचारको सामग्रीहरु भण्डारण गरि राखिएको छ जसलाई विपदको वेला प्रयोग गर्न सकिन्छ । यस पालिकामा विभिन्न जातजातीको समुहहरु, वाल संजाल ३, वाल क्लव ३५, वाल विकास केन्द्रका सहजकर्ता सञ्जाल, युवा क्लव १५, महिला समुहहरु ६१, कृषक समुह २० तथा वाल संघर्ष समितिहरु सक्रिय रहेका छन् ।

प्राय सबै घरहरुमा मोबाईल फोन रहेको छ, सवारी साधनको रुपमा घर घरमा साईकल वा मोटर साईकल छन् । कृषि कर्मको लागि ट्याक्टरहरु छन् तथा समुदायलाई आवश्यक परेमा भाडामा उपलब्ध हुनेछ । कृषि, पशु तथा स्वास्थ्य जस्ता सेवा प्रदायकहरु जनशक्तिको अभावमा खासै गाँउटोलमा गएर सेवा प्रवाहगर्ने गरेका छैनन् तर आबश्यक परेमा मानिसहरु सेवा प्रदायक सम्म पुगेर सेवा लिने गरेका छन् । यस पालिकामा विभिन्न पशुपालक तथा कृषी समुहहरु तथा सहकारीहरु रहेको छ ।

यस गाँउपालिकामा ४१ वटा सहकारी संस्थाहरु रहेका छन् भने वैक तथा वित्तिय संस्थाहरु ५ वटा रहेका छन् । यस गाँउपालिकामा सिंचाईका लागि केही भागमा नहर, वाँध तथा भुमिगत सिचाई, पोखरी, नदि, खोला सिंचाई प्रविधिहरु रहेका छन् । यो पालिका भित्र केही प्रतिशत भुभाग वगैचाले ढाकेको छ भने झण्डै ८०० बिघाजति जमिन खेर गईरहेको अवस्थामा छ । यहाँको मुख्य पेशा कृषि रहेको छ भने लगभग ७ प्रतिशत घरधुरी ब्यापार ब्यवसाय तथा नोकरीमा पनि लागेका छन् ।

यसोधरा गाँउपालिकामा अनेकौ सेवा प्रदायक संस्थाहरुले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सुरक्षा, सञ्चार सहकारी जस्ता विभिन्न क्षेत्रमा समुदायलाई सेवा दिइरहेको छन केही गैर सरकारी संस्थाहरुले खानेपानी स्वच्छता, चेलिबेटी बेचबिखन, मातृशिशु सुरक्षा, विपद व्यवस्थापन, जिविकोपार्जन जस्ता बिषयमा कार्यक्रम संचालन गरिहेका छन् । विभिन्न विपदको सामना गर्नका लागी केही मात्रामा स्थानीय स्रोत साधनहरु उपलब्ध भए पनि श्रोतको उच्चतम प्रयोग गर्न सक्ने क्षमताको अभाव देखिएको छ । विगतको बर्षहरुको अनुभवको आधारमा यो पालिकाले विपदको सामना गर्नका लागी यस बर्ष सम्भाव्य सामुदाय तथा पुरै गाँउपालिकामा सर्तकता देखाएको देखिन्छ सोही अनुरुप यस गाँउपालिकाले विपद जोखिम व्यवस्थापन गर्नका लागी समिति तथा विपद व्यवस्थापन कोष समेतको व्यवस्था गरिसकेको छ । सारांशमा हेर्दा विपद जोखिम न्युनीकरण, पुर्वतयारीमा यस पालिकाले विशेष ध्यान दिनु आवश्यक छ । नेपाल सरकारको विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले निर्देशन गरे वमोजिम स्थानिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, नीति, विपद व्यवस्थापन कोष संचालन निर्देशिका, विपद पुर्व तयारी तथा प्रतिकार्य योजना वनाई कार्यान्वयनमा ल्याउन जरुरी रहेको छ ।

## २.६ जोखिम पहिचान तथा विश्लेषण :

यस गाँउपालिकामा सङ्कटासन्नता र क्षमताबीच देखिएको दूरीलाई बिश्लेषण गर्दा सडक तथा यातायातको अवस्था मध्यम खालको देखिन्छ, बर्षको अरु समय खासै यातायातको समस्या नपरे पनि बर्षाको समयमा ग्रामीण भित्रि सडकहरु भत्कने, डुवानमा पर्ने तथा हिलाम्मे हुने गरेकोले यातायातमा समस्या आउने गरेको साथै बिपदको समयमा ओहोर दोहोर लाई कठिन हुने गरेको पाईन्छ । समुदाय छलफलका क्रममा आएका अन्य जोखिम तथा त्यसको बिश्लेषण तल तालिकामा उल्लेख गरिएको छ ।

| प्रकोप | भोगिरहेका समस्याहरु | संकटासन्नता | क्षमता | संकटासन्नता र क्षमता बिचको दुरी |
|---|---|---|---|---|
| **बाढी, डुवान, कटान, पटान** | ● समुदाय केही घर परिवार विस्थापित हुनु<br>● वर्षेनि जमिन डुबान तथा पटान, कटान हुनु<br>● वर्षात्मा आवत जावत गर्न समस्या तथा बाढी आउँदा आवतजावत गर्ने समस्या भई विद्यार्थीहरु पनि विद्यालय जान नपाउनु | ● कटानी, पटानी तथा डुवान जस्ता समस्यालाई रोक्न समुदाय विभिन्न संघ संस्थाको भर पर्ने आफै प्रयासमा नजुट्नु अर्को तर्फ समुदायको कमजोर आर्थिक अवस्था<br>● विपद व्यवस्थापन सम्बन्धि ज्ञान तथा समाग्रीहरुलाई व्यवहारिक रुपमा प्रयोगमा नल्याउनु र बेवास्ता गर्नु र समय मै सचेत नहुनु<br>● नदिमा पुलको पर्याप्त व्यवस्था तथा मर्मत नहुनु,<br>● सुरक्षित भवनको अभाव | ● स्थानीय श्रम तथा जनशक्ति<br>● विभिन्न संघसस्थाहरु कार्यरत जसले बिभिन्न समयमा बिबिध सहयोग गर्न सक्ने ।<br>● विपद् व्यबस्थापन सम्बन्धि समिति तथा पालिका स्तरमा कोषको व्यवस्था<br>● प्राकृतिक पानीको श्रोत तथा नहर, भुमिगत पानी, पोखरी, ताल, नदि, खोला ।<br>● पौडिबाजहरु रहेको<br>● सुरक्षित बाटो<br>● बाढी पानी निकासको लागि पुल, कल्भेट र ह्यूमपाईप<br>● बचत समुह तथा स्थानीय सहकारीहरु रहेको<br>● थौरै भएपनि खोज तथा उद्धार सामग्री भण्डार, रवर डुंगा,<br>● सुरक्षाकर्मी, खोज | ● जनचेतनाको अभाव<br>● नियम निर्माण तथा कारर्बाहीको अभाव<br>● समुदायमा आयआर्जनका कार्यक्रम पर्याप्त नहुनु<br>● माटो अनुसारको खेती गर्न जोड नदिइनु<br>● तठबन्धन निमार्णका लागि विभिन्न संघ संस्थाहरुसँगको पहुँच र समन्वयको अभाव<br>● विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको<br>● पुल बनाउन आर्थिक स्रोतको अभाव<br>● काम गर्ने जनशक्तिहरुको अभाव अर्थात् पुरुषहरु काम गर्न अन्यत्र जाने गरेको र महिला, बालबालिका तथा वृद्धावृद्धहरु मात्र |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा उद्धारक, एम्बुलेन्स रहेको | घरमा रहने<br>● वृक्षारोपणको पर्याप्त पहल नहुनु । |
| **सुख्खा, खडेरी** | ● बालीनाली सुक्नु तथा उत्पादनमा ह्रास हुने जसका कारण आम्दानीमा कमी तथा खाद्यान्नको अभाव ।<br>● खानेपानीको अभाव<br>● जलवायु अनुकुलन खेति प्राणालीको बारेमा जानकारी नहुन ।<br>● महामारीको अवस्था सिर्जना हुने । | ● सिंचाईको लागि लगानी गर्न आर्थिक अवस्था कमजोर<br>● आधुनिक खेति प्रणालीका बारे जानकारी तथा सिप नहुनु । | ● नदि, खोला, नाला, ताल पोखरी, नहर, भुमिगत पानी अपर्याप्त मात्रामा भएपनि उपलब्ध भएको<br>● जलवायु मैत्री खेती प्रणालिको शुरुवात | ● नदि तथा तालपोखरीको पानी प्रयोगमा ल्याउने शुरुवात भएपनि व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।<br>● व्यक्तिगत स्तरमा भन्दा सामुहि स्तरमा मिलेर सिंचाईका कार्यहरु संचालन गनुपर्ने ।<br>● जलबायु अनुकुलन खेति प्रणालीका बारेमा कम ज्ञान तथा सिप भएको ।<br>● सरकारी स्तरबाट क्षति पश्चात कहिलेकाँही राहत बापत केही बालीका बिउ दिने गरेको भएपनि दिर्घकालीन समस्या समाधानको लागि पहल नभएको । |
| **आगलागी** | ● घर भित्र रहेका अन्न तथा लत्ता कपडा जलेर नष्ट<br>● खाधान्नको अभाव, आर्थिक अवस्था कमजोर हुदै जानु<br>● दैनिक कियाकलापमा अवरोधहुनु, मान्छे तथा चौपायाहरुको क्षति हुनु | ● भान्छा गोठ तथा घर खरले छाएको<br>● आर्थिक अवस्था कमजोर हुदै गएको<br>● जनचेतनाको कमी | ● घर तथा भान्साको छाना लिपपोत गरेको<br>● आगलागि सम्बन्धि सन्देशमुलक सुचना | ● गरिबी, अज्ञानता र अशिक्षा<br>● दमकलको व्यवस्था नहुनु<br>● पर्याप्त मात्रामा पोखरी संरक्षणमा ध्यान नदिएको<br>● आधा घर पक्की भएपनि आधा फुसको छानो भएको |

| | | | | |
|---|---|---|---|---|
| **शितलहर** | • वालवालिका तथा वृद्ध, वृद्धालाई असर पर्नु<br>• वाली नाली नष्ट हुनु<br>• आर्थिक अवस्था झन दयनिय वनाउनु | • शितलहर पुर्वतयारी सम्वन्धि ज्ञानको अभाव रहनु,<br>• आर्थिक अवस्था कमजोर भएको कारण न्यानो कपडा, दाउराको जोहो गर्न नसक्नु, सवैको पक्की घरहरु नहुनु | • विगतको तुलनामा यसोधरा गाँउपालिका विपद व्यवस्थापनमा संस्थागत हुदै जाने क्रममा रहेको, पालिका स्तरमा विपद व्यवस्थापन कोष रहेको, जलवायु अनुकुलन विउ हरु लगाउन थालेको । | • समुदायमा आयआर्जनका कार्यक्रम पर्याप्त नहुनु<br>• माटो अनुसारको खेती गर्न जोड नदिइनु<br>• विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको<br>• वृक्षारोपणको पर्याप्त पहल नहुनु । |
| **किट, लामखुट्टे, रोग किरा, सर्पदंश** | • लामखुट्टे तथा अन्य किराको टोकाईबाट अन्य जटिल र सरुवा रोग फैलिने ।<br>• उपचारमा लागि आर्थिक क्षति<br>• मानसिक तनाब<br>• किराको खेतिबाली समेत नोक्सानी, खेतीपातीहरु खाईदिने, सपको टोकाईवाट गम्भिर घाईते तथा मृत्यु हने । | • सरसफाईको कमी<br>• खेतिपातीको उत्पादनमा प्राबिधिक रुपमा कमी<br>• बाली चक्र तथा खेति प्रणाली बैज्ञानिक ढंगबाट नअपनाउने ।<br>• पुरानो तथा गुणस्तर राम्रो नभएका बिउ प्रयोग गर्ने ।<br>• नजिकै सर्पद)श उपचार केन्द्र नहुनु अर्थात झार फुकमा विश्वास | • सकेसम्म धुवाँ लगाएर बस्ने गरेको<br>• स्थानीय स्तरमा उलपब्ध प्रबिधि तथा ज्ञानको उच्चतम प्रयोग गर्ने गरेको ।<br>• ३० किमिको दुरीमा सर्प दंश उपचार केन्द्र रहेको<br>• घर तथा गोठहरु सरसफाईमा ध्यान दिन थालेका | • ढल निकासको राम्रो प्रबन्ध नभएको ।<br>• पानि जम्ने खाडलहरु जताततै हुनु ।<br>• सरसफाईमा जनचेतनाको कमी ।<br>• झुलको नलगाई सुत्ने बानी ।<br>• खेतिबालीको लागि प्राबिधिक सल्लाह कम पुगेको तथा सल्लाह लिने परिपाटी पनि निकै कम भएको ।<br>• परम्परागत उपचारमा भर पर्ने । |
| **हुरीबतास** | • घर तथा अन्य भौतिक संरचनामा क्षति<br>• मानिस घाईते हुनु<br>• अर्थिक भारमा वृद्धि<br>• धन, जन, पशु, वोट विरुवा क्षति | • घर नजिकै सुकेको रुख वा कमजोर हुनु<br>• घर वनाउदा छाना राम्रो सँग नछाउनु<br>• विधुतका पोलहरु घर नजिक हुनु | • केहि घरहरु पक्कि भएको<br>• घरका छानाहरु वलियो तरिकाले वानेको, सचेत वन्दै गएको । | • घरवरीपरी कमजोर तथा ठुला रुखहरु भएको<br>• घरको छाना कर्कटपाता र खरले छाएको<br>• विधुतका लाईन हरु पर्याप्त मात्रामा व्यवस्थि तरीकाले जडान नभएको |

| | | | | |
|---|---|---|---|---|
| **महामारी** | ● स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नु शारीरिक कमजोरी हुदैजानु<br>● दैनिक जीवनयापन गर्न गाह्रो हुनु<br>● लामखुट्टेले टोक्दा इन्सेफ्लाइटिस, डेंगु, हैजा, झाडापखाला, काँपज्वरो, रुघाखोकी तथा मलेरिया जस्ता रोगहरु लाग्ने | ●मानवीय मृत्यु हुने<br>●अपांगता हुने, टाउको दुख्ने आँखा पाक्नु तथा छाला सम्बन्धि रोगहरु देखा पर्नु<br>●आर्थिक अवस्था कमजोर<br>●समय मै स्वास्थ्य संस्थामा नजानु | ● स्वास्थ्य चौकी<br>● प्रत्येक समुदायमा महिला स्वास्थ्य स्वयंम् सेविका<br>● जनचेतना कार्यक्रम प्रत्येक वडामा<br>● घरवरिपरि सरसफाई | ●जनचेतनाको कमी,<br>●उचो नल्काको अभाव<br>●पानी शुद्ध गर्ने प्रक्रियाको बारेमा पर्याप्त जानकारी नहुनु<br>●सबै घरधुरीमा चर्पी नहुनु तथा चर्पी भएको घरधुरीमा पनि सबैले चर्पी प्रयोग नगर्नु अर्थात खुला दिसा पिसाब गर्ने गरेको |
| **असिना** | बालीनाली तथा अन्य भौतिक क्षति चोटपटक लाग्ने | ● खेतिबाली तथा अन्य भौतिक संरचना र सम्पत्ति | ● नयाँ वनेको संरचनाहरु वलियो वन्न थालेको, टनेल खेतीहरु शुरु भएको | ● बाली तथा सम्पत्ति बिमाका बारेमा कम चासो तथा जानकारी |
| **भुकम्प** | ● भौतिक संरचनाहरु ध्वास्त हुनु<br>● जनधनको क्षति हुनु<br>● मानसिक तनाब | ● कमजोर भौतिक संरचना<br>● भौगोलिक अवस्थिति | ● खुल्ला मैदानहरु प्रशस्त हुनु ।<br>● ठुला ठुला भौतिक संरचनाहरु नहुनु | ● सुरक्षित स्थान पहिचान नगरिएको ।<br>● भवन निर्माण आचार संहिता लाई प्रभावकारी कार्यान्वयन गर्ने नगरेको<br>● भुकम्प सम्बन्धि जनचेतनाको कमी |

# खण्ड ३: स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिबिधिहरु

समुदायको संकटासन्नता तथा क्षमता विश्लेषणवाट आएका सुचनाहरुको आधारमा भावी दिनमा हुनसक्ने विपदको सही विश्लेषण गरी त्यसको क्षति न्युनिकरणको प्रयास स्वरुप विस्तृत कार्य योजना निर्माण गरिएको छ । यस प्रकारको कार्य योजनाले विपद व्यवस्थापन कार्यमा यस पालिकाको तथा अन्य संघ संस्थाहरुको स्रोतसाधनको उच्चतम प्रयोग हुने अपेक्षा राखिएको छ । मुलभुत रूपमा मानव संसाधन तथा संस्थागत बिकास, भौतिक पुर्वाधार, प्राकृतिक श्रोत संरक्षण, जिबिकोपार्जन सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरु, बिपद जोखिम ब्यवस्थापन तथा अनुकुलन गर्ने जस्ता प्रमुख क्रियाकलापलाई विकासका योजनासंग मुलप्रवाहीकरण गरिनेछ भन्ने आधारमा स्थानीय समस्या समाधान गर्ने कृयाकलापलाई प्राथमिकतामा राखि व्यवस्थापनको योजना निर्धारण गरिएकोछ ।

### ३.१ बिपद् जोखिम न्युनिकरण तथा पुर्वतयारी, रोकथाम, अल्पिकरण र अनुकूलनका योजनाहरु

बिपद्को संङ्कटासन्नता, क्षमता र जोखिम बिश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्याधिक जोखिम रहेका क्षेत्रमा जोखिम न्युनिकरणका लागि गर्नुपर्ने क्रियाकलापलाई निम्न अनुसार बिभाजन गरि निर्धारण गरिएको छ ।

### ३.२ नितिगत ब्यवस्था तथा निर्णय

गाँउपालिका तथा वडाले बिपद् जोखिम ब्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिम्मेवारी सहित पालिका स्तरीय गाँउ विपद् व्यवस्थापन समिति तथा वडा नं. १, २ र ३ मा वडा विपद व्यवस्थापन समितिहरु गठन गरिएको छ । आवश्यक परेमा कार्यदलहरु वनाउने तथा थपघट गर्न सकिने छ । त्यसैगरी प्रचलित कानुनबमोजिम आवश्यक नीतिगत निर्णय समेत गरी पालिका स्तरमा स्थानीय बिपद ब्यवस्थान कोष खडा गर्ने योजना रहेको छ साथै आवश्यकता अनुसार अन्य नीतिगत निर्णय तथा कार्यहरू निर्धारण गरी कार्यान्वयनमा ल्याईने छ । विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी र विकेन्द्रिकृत गर्न वडा स्तरमा समेत विपद् व्यवस्थाप समिति गठन गरी परिचालन गर्नुपर्नेछ ।

### ३.३ जनचेतना तथा क्षमता अभिवृद्धि

गाँउपालिकाको विभिन्न वडाहरुमा गरिएको संकटासन्नता तथा क्षमता बिश्लेषणले समुदाय स्तरमा विपद जोखिम न्युनीकरण, ब्वस्थापन तथा जलवायु उत्थानशिलतामा खासै जनचेतना नभएको पाईयो त्यसैले गाँउपालिकाले आफ्नो क्षेत्रमा विपद्प्रतिको ज्ञानमा थप जोड दिनुपर्ने आवश्यकता देखिन्छ । जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न निम्न अनुसारको जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई कार्यान्वयन गर्ने गरि योजनामा समाबेश गरिएको छ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | बिपद ब्यवस्थापन तथा जोखिम व्यवस्थापन सम्बन्धि जनचेतनाको कमि | क्षतमा अभिबृद्धिका कार्यक्रमहरु जस्तै तालिम, भ्रमण, गोष्ठि, घरदैलोकार्यक्रम, सडक नाटक, साँस्कृतिक कार्यकम, विद्याालयका शिक्षकहरुलाई बिपद् | स्थानीय बिपद् ब्यवस्थापन समितिहरु तथा गाँउकार्यपालिका, वडा कार्यालय, बिद्याालय ब्यवस्थापन | गाँउपालिका तथा वडा कार्यालय | रेडक्रस, वडामा कार्यरत गैससहरु, स्थानीय रेडियो टिभि, पत्रिका | २०७८ आषाढ मसान्त सम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्बन्धि तालिम, बिद्यालयहरुमा हाजिरी जवाफ प्रतियोगिता र कक्षा कोठा छलफल, स्थानीय एफ.एम रेडियो, पत्रिका तथा टेलिभिजनबाट प्रत्येक बिपद्को सम्भावित समयभन्दा अघि देखि जनचेतनाका लागि सन्देशहरु प्रसारण तथा प्रकाशन गर्ने । | समिति, | | संचालक तथा पत्रकारहरु | |
| २ | समुदायका मानिसहरुलाई पुर्व सुचना प्रणाली सम्बन्धि ज्ञान नभएको तथा थाहा नभएको | टोल बस्तीका समुदायमा पुर्व सुचना प्रणालीको विकास गर्ने विशेष गरी चट्याङ, वाढी । | गाँउ तथा वडा स्तरिय बिपद् व्यवस्थापन समितिहरु, पुर्व सुचना कार्यदल | **गाँउपालिका तथा वडा कार्यालयहरु** | जल तथा मौसम विज्ञान विभाग, रेडक्रस, पालिकामा कार्यरत संघ संस्थाहरु | **२०७८ भित्र** |
| ३ | समुदाय स्तरमा विपद ब्यबस्थापन, खोज तथा उद्धार र प्राथमिक उपचार सम्बन्धि तालिम प्राप्त व्यक्तिहरु पर्याप्त व्यवस्था नभएको | खोज तथा उद्धार सम्बन्धि प्रशिक्षण तथा सामाग्री सहयोग | गाँउ तथा वडा स्तरिय बिपद् व्यवस्थापन समितिहरु, | **गाँउपालिका तथा वडा कार्यालय** | रेडक्रस, पालिकामा कार्यरत संघ संस्थाहरु, सुरक्षा निकायहरु | **२०७८** |
| ४ | समुदायमा सरसफाई सम्बन्धि जनचेतनाको कमी | गाउँ बस्ती समुदायमा गई जनचेतना अभिबृद्धिको लागी सडक नाटक गर्नुका साथै विपद ब्यबस्थापनका ज्ञान सिप क्षमता विकास तालिमको आयोजना गर्ने, | गाँउ विपद व्यवस्थापन समिति, वडा समिति तथा विपद तथा बातावरण समिति | गाँउपालिका, वडा तथा टोलविकास संस्थाहरु | रेडक्रस, गाँउपालिकामा कार्यरत गैससहरु, स्थानीय एफ.एम. रेडियो वाल क्लवहरु | |
| ५ | पानीशुद्धिकरण गर्ने ज्ञान तथा ब्यबहार | पानी शुद्धिकरण गर्ने उयायहरुको बारेमा तालिम दिने । | **गाँउपालिका तथा वडा कार्यालय** | **गाँउपालिका खानेपानी तथा** | खानेपानी तथा सरसफाई कार्यालय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नभएको | | | **सरसफाई शाखा, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु** | स्वास्थ्य चौकी, महिला स्वास्थ्य स्वयंसेविका | |
| ६ | जलवायु परिवर्तन र अनुकुलन सम्बन्धि ज्ञानको कमी | किसानहरुलाई उन्नत तथा जलवायु अनुकुल खेति प्रणाली तथा जलवायु अनुकुलनीय खेति प्रणालीको बारेमा तालीम दिने । | गाँउपालिका, वडा, कृषि विकास शाखा | गाँउपालिका, कृषि विकास शाखा | कृषि मन्त्रालय तथा बिभिन्न गैर सरकारी संस्था | |

### ३.४ जोखिम न्यूनीकरण :

वडाभित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न गर्नु पर्ने कार्यलहरुलाई जोखिम न्युनिकरणको योजना अर्न्तगत यसरी प्रस्तुत गरिएको छ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा बजेट | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | भुकम्पको कारण धनजन तथा भौतिक क्षती हुने | हरेक संरचनाहरु वनाउदा भुकम्प प्रतिरोधी वनाउने, सार्वजनिक संरचनाहरुको प्रमाणीकरण तथा प्रवलीकरण गर्ने, स्थानिय संरचना निर्माण सहिंता वनाई कडाईका साथ लागु गर्ने । | गाँउपालिका तथा वडा कार्यालयहरु | ६ करोड | ३ करोड | ३ करोड | २०७९ भित्र |
| २ | खडेरीको कारण बाली नाली नास हुने तथा महामारी र आगलागीको सम्भावना | सुख्खा सहने खालका बाली तथा जातको प्रयोग गर्ने । सिंचाईको बैकल्पिक उयाएहरुको खोजी गरि सिंचाईको प्रबन्ध मिलाउने, कुलो तथा नहर मर्मत, पोखरी संरक्षण तथा व्यवस्थापन, | गाँउपालिका कृषि बिकास शाखा | ५ करोड पचास लाख | ३ करोड | २.५ करोड | २०७९ भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | डिप वोरिङ जडान | | | | | |
| ३ | आगलागीको कारण धनजनको क्षती | अनुदानमा आधारित फुसको छानो मुक्त अभियान संचालन गर्ने, दमकलको लागि वाटो चौडा तथा मर्मत गर्ने, जनचेतना, सडक नाटक गर्ने | गाँउपालिका, वडा कार्यालयहरु | ४ करोड | ३ करोड | १ करोड | २०८० भित्र |
| ४ | वाढि विपदको वेला वास स्थानको कठिनाई, खेत कटानी, डुवान | तटवन्ध, तारजाली, वृक्षारोपण, डुवान सहने वाली पर्वधन कार्यक्रम लागु गर्ने, वाँधको उचाई वढाउने, पानीका उचित निकासको व्यवस्था गर्ने | गाँउपालिका तथा वडा कार्यालयहरु | ५ करोड | ३ करोड | २ करोड | २०८० भित्र |
| ५ | वातावरण प्रदुषण/झाडापखाला, हैजा, महामारी, कोभिड १९ (कोरोना) | • शौचालय निर्माणमा सहयोग तथा प्रयोग गर्न उत्प्रेरित गर्ने, सरसफाई, व्यक्तिगत तथा सामुहीक सुरक्षाका उपायहरु अपनाउने, क्वारेन्टाईन हरुको व्यवस्था गर्ने जनचेतना मुलक कार्यक्रमहरु गर्ने । | गाँउपालिका, स्वास्थ्य चौकी, सरसफाई शाखा | १ करोड ८८ लाख | १ करोड ७३ लाख | ५ लाख | २०७८ भित्र |
| ६ | जलबायु परिवर्तनको असर | • नदि तटिय वाँझो जमिन तथा बाटो किनार क्षेत्रमा वृक्षारोपण, | गाँउपालिका | १० लाख | ५ लाख | ५ लाख | २०७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सिमसार क्षेत्र तथा पोखरी संरक्षण | | | | | |
| ७ | रोगकिरा तथा भाईरसको आक्रमण बाट बालीनाली क्षति, तथा पशुहरुमा क्षती | रोग अबरोधक जातका बिउ तथा बिरुवा रोप्ने । बाली चक्र मिलाएर खेति गर्ने । खेतबारी सफा राख्ने । रोगनाशक तथा किटनाशक बिषादीको प्रयोग उचित तरिकाले गर्ने । पशु विमा तथा उपचारमा ध्यान दिने | गाँउपालिका, कृषि तथा पशु बिकास शाखा | १० लाख | ५ लाख | ५ लाख | २०७७ भित्र |
| ८ | हावाहुरीको कारण कच्ची संरचनाहरु, विजुलीको पोलहरु, वगैचाहरु तथा अग्ला रुखहरुवाट मानविय, पशुचौपाय तथा भौतिक क्षती | कच्ची संरचना, विद्युतीय पोलहरु तथा प्राकृतिक स्रोतहरुको उचित व्यवस्थापन र जनचेतना जगाउने | गाँउपालिका, वडा कार्यालय | १५ लाख | १० लाख | ५ लाख | २०७८ भित्र |
| ९ | असिनापानीको कारण अन्न, फलफुल तथा तरकारी वालीमा क्षती हुने, टायलको घरहरुमा क्षती | टायलको छानो मुक्त अभियान, वाली विमा, टनेल खेतीमा प्रोत्साहन गर्ने | गाँउपालिका, कृषि शाखा | १५ लाख | १० लाख | ५ लाख | २०७८ भित्र |
| १० | चट्याङवाटा मानविय, भौतिक तथा प्राकृतिक क्षती | सचेतना तथा अनुदानमा आधारित अर्थिङ प्रणालीलाई अनिवार्य गर्ने, सार्वजनिक भवनहरुमा अर्थिङ अनिवार्य गर्ने | गाँउपालिका | २० लाख | १० लाख | १० लाख | २०७९ भित्र |
| ११ | वन्य तथा घरपालुवा जनावरले वालीनाली नष्ट गर्ने | जनचेतना, भगाउने प्रविधि अपनाउने, हुंडहरुको निर्माण | गाँउपालिका तथा वडा कार्यालयहरु | २० लाख | १० लाख | १० लाख | २०७८ भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तथा गौशाला निर्माण | | | | | |
| **१२** | अत्याधिक जाडोको कारण संकटासन्न मानिसको समुहलाई तथा पशुचौपायाको क्षती | जनचेतना जगाउने, न्यानो घर निर्माण अभियान | गाँउपालिका तथा वडा कार्यालय | १० लाख | ५ लाख | ५ लाख | २०६९ भित्र |
| **जम्मा** | | | | २२ करोड ८३ लाख | १४ करोड ३८ लाख | ८ करोड ४५ लाख | |

## ३.५ आपत्कालीन पूर्वतयारी

गाँउ पालिकाभित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्न आवश्यक पर्ने पूर्वतयारीका क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गरी कार्यान्वयन गरिनेछ । यसमा आपत्कालीन कोषको स्थापना, खाद्य तथा गैरखाद्य सामग्रीको बन्दोबस्त, आपत्कालीन आश्रयस्थलको पहिचान तथा व्यवस्था, प्राथमिक उपचार सामग्री, स्थानिय विपद व्यवस्थापन समिति, जिल्ला विपद व्यवस्थापन समिति र मानवीय सहयोगका क्षेत्रमा काम गर्ने संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्नेविधिजस्ता क्रियाकलापसमेत समेटीएको छ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | जम्मा वजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | भुकम्पको वेला भौतिक तथा मानविय क्षती, वास स्थानमा समस्या हुन सक्ने | सिकर्मी, डकर्मिहरुको क्षमता अभिवृद्धि गर्ने, सुरक्षीत तथा खुल्ला स्थान पहिचान गर्ने, सुठौली पश्चिम तथा पशुपती शिक्षा मन्दिरमा हेली प्याड निर्माण गर्ने, भुकम्प सम्वन्धि कृतिम घटना अभ्यास गर्ने, खाद्य तथा गैह्र खाद्य सामग्रीहरु भण्डारण गरि राख्ने, ३ सेट खोज तथा उद्धारको सामग्रीहरु तयारी अवस्थामा राख्ने, सप्लायरहरुको पहिचान गरी राख्ने, वाँकी ५ वटा वार्डहरु ४, ५, ६, ७ र ८ मा विपद व्यवस्थापन समितिहरु गठन गरि | गाँउ तथा वडा विपद व्यवस्थापन समिति तथा सम्वन्धित संघ संस्थाहरु र राज्यको सवै तहको सरकारहरु, सुरक्षा निकायहरु | २५ लाख | १५ लाख | १० लाख | **२०७८ भित्र** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | क्षमता अभिवृद्धि गराई राख्ने । | | | | | |
| २ | सुख्खा खडेरीको वेला खाद्यान्न अभाव, महामारी फैलिने, विउहरु नहुने समस्या, पशुचौपायाहरु लाई पानीको समस्या हुनसक्ने | वर्षाको पानी भण्डारण गरेर राख्ने, पोखरी संरक्षण, विउ भण्डारण गर्ने, आधुनीक तथा वातावरण मैत्री कृषि प्रणाली सम्वन्धि कृषक समुहहरुको क्षमता अभिवृद्धि गर्ने, वाली तथा पशु विमाको लागि प्रोत्साहन गर्ने । | गाँउ विपद व्यवस्थापन समिति, कृषी ज्ञान केन्द्र, कृषि विकास तथा पशु विकास शाखा | २० लाख | १५ लाख | ५ लाख | **२०७८ भित्र** |
| ३ | आगलागीले मानविय, पशुचौपाय, भौतीक तथा आर्थिक क्षती पुऱ्याउन सक्ने । | सम्भावित क्षेत्रमा झटपट झोला प्रवर्दन, पुर्व सुचना प्रणालीहरु जडान सार्वजनिक भवनहरुमा, प्रत्येक सरकारी तथा सामुयिक भवनहरुमा आगो निभाउने यन्त्रहरु राख्ने, आगो नियन्त्रकहरु निर्माण गर्ने तथा आगो निभाउने सामग्रीहरु भण्डारण गर्ने । | गाँउ विपद व्यवस्थापन समिति तथा अन्य संघ संस्थाहरु | १० लाख | ८ लाख | २ लाख | **२०७९ भित्र** |
| ४ | बाढीको समयमा मानिसको मृत्यु, खेतियोग्य जमिन कटान, डुवान तथा चोटपटक लाग्न सक्ने । | पुर्व सुचना कार्यदल तथा पुर्व सुचना दिन चाहिने सामाग्रीहरु ठीक छ छैन जाँच गरि तयारी अवस्थामा राख्ने । खोज तथा उद्धार तथा प्राथमिक उपचार जानेका स्वयंसेवक तथा त्यसको लागि चाहिने अत्यावश्यक सामाग्रीहरु तयारी अवस्थामा राख्ने, आपतकालिन आश्रय स्थल वडा नं. ७ र ८ मा वनाउने, स्थानिय स्रोत साधनको प्रयोग गरि डुङगा, लाईफ ज्याकेट, स्टेचर वनाउने सम्वन्धि तालिम दिने, आवश्यक पौडीवाज तयार गर्ने, | गाँउ विपद् व्यवस्थापन समिति | ५० लाख | ३० लाख | विस लाख | **२०७८ भित्र** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वाढी सम्वन्धि घटना अभ्यास गर्ने, वाढी प्रभावित वडाहरुमा भ्फटपट भ्फोला प्रवर्दन गर्न प्रोत्साहित गर्ने, उचोधारा तथा उचो भौतीक संरचना वनाउन प्रोत्साहित गर्ने । | | | | | |
| ५ | शितलहरको समयमा गाउँमा रहेका बृद्धवृद्धा, गर्भवति, अपाङ्ग, बिरामी, वालवालिका, गरिव वस्ती, विरामी तथा सुत्केरीहरु अप्ठेरोमा पर्ने । | यस्ता किसिमका बिशेष अवस्थामा रहेका ब्यक्ति तथा समुहको लागि आवश्यक उद्धार तथा राहतको लाीग पहिले नै आवश्यक न्यानो कपडा, दाउरा तथा औषधीहरु साथै मानविय सहयोग तथा सामाग्रीहरु तयारी अवस्थामा राख्ने । | विपद् व्यवस्थापन समितिहरु | २० लाख | १३ लाख | ७ लाख | **२०७७ भित्र** |
| ६ | लामाखुट्टेको टोकाइबाट मलेरिया तथा इन्सेफ्लाइटि, डेङ्गु, कोभिड १९ (कोरोना), काम ज्वरो जस्ता रोगका कारण समुदायका मानिस प्रत्येक बर्ष बिरामी हुने । | भ्फुल वितरण कार्यका लागि भ्फुलहरु तयारी अवस्थामा राख्ने । अति बढीनै असर छ भने बिषादी छर्नको लागि पहल गर्ने । पिपिई सेट तथा औषधी भण्डारण, विभिन्न माध्यमवाट कोरोना सम्वन्धि जनचेतना, क्वारेन्टाईनको व्यवस्था गर्ने | गाँउ विपद व्यवस्थापन समितिहरु | **१ करोड २० लाख** | **१ करोड १० लाख** | १० लाख | **२०७७** |
| ७ | विपदको समयमा प्रतिकार्यका लागी आवश्य सामग्री र तालिम प्राप्त जनशाक्ति, | • राहतको व्यवस्था गरि गोदाम घरमा तयारी राख्ने गर्ने<br>• बिपद व्यवस्थापन कोष तथा आपतकालिन कोष तयार गरि राख्ने ।<br>• संञ्चारका | गँउपालिकाका तथा वडाहरु | **५० लाख** | **४० लाख** | १० लाख | **२०७८ भित्र** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राहतका सामाग्रीहरु सहितको आपतकालीन गोदाम घर को प्रभावकारी व्यवस्थापन | सामग्रीहरुको व्यवस्था गर्ने, स्ट्रेचरहरु तथा प्राथामिक उपाचारका सामग्रीहरु तयारी अवस्थामा राख्ने । विभिन्न कार्यदलका स्वयंसेवकहरुलाई तयारीको अवास्थामा राख्ने । अपाङ्गता भएका व्यक्तिहरुको लागी अवाश्यक सामग्रीहरु उपलब्ध गर्ने | | | | | |
| **८** | विपदको समय यथार्थ क्षतिको विवरण लिनु नसक्नु । | पालिकास्तरिय स्तरिय क्षति विवरण लिने समिति गठन | विपद् व्यवस्थापन समिति | २० हजार | २० हजार | ० | **२०७७ भित्र** |
| | खोज तथा उद्धार साथै राहतमा ढिलासुस्ती | बिपद् पुर्व सरोकारवालाहरुको बैठक बसि सम्भावित बिपद्का लागि आपतकालीन सामाग्री तथा राहत के कति लाग्न सक्छ तथा उपलब्ध को संग के कति मात्रामा छ भन्ने अनुमानित तथ्यांक लिने तथा सम्पर्क ठेगाना र नम्बर समेत अध्यावधिक गर्ने । अनुमानित नपुगको लागि कहाँ बाट कसरी प्राप्त गर्न सकिन्छ प्रकृया पुरा गरि राख्ने । | विपद व्यवस्थापन समितिहरु | **५० हजार** | **५० हजार** | ० | **निरन्तर** |
| जम्मा | | | | **२ करोड ९५ लाख ७० हजार** | **२ करोड ३१ लाख ७० हजार** | ६४ लाख | |

### ३.६ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म)

वडाभित्र कुनै पनि समयमा विपद् परेमा प्रभावित तथा पीडितको उद्धार र जीवनरक्षा र सम्पत्ति संरक्षणका लागि आपत्कालीन समयमा गर्नु पर्ने क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गर्नु पर्नेछ । यसमा विशेषगरी पूर्वसूचना र चेतावनी प्रवाह गर्ने, हराएकाको खोजी, पीडितको उद्धार, सुरक्षा निकायमा खवर, आपत्कालीन बसोबास र राहत व्यवस्थापनका लागि गर्नु पर्ने कार्य उल्लेख गर्नु पर्नेछ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | सुचना प्रवाह समस्या | प्रकोपको पूर्व सूचना र विपद्को सूचना सम्प्रेषण, स्थानीय तथा सामुदायिक बिपद व्यवस्थापन समितिको बैठक बसि प्राप्त सुचनाको आधारमा आपतकालिन निर्णयहरु गर्ने । तथा कार्यदलहरु परिचालन गर्ने । | पूर्व सूचना कार्यदल, प्रभावित समुदायीक र स्थानीय विपद् व्इवस्थापन समिति | पूर्व सूचना कार्यदल, | सञ्चारमाध्यम, जल तथा मौसम विज्ञान विभाग र मातहतका कार्यालय, सुरक्षा निकाय, विपद् सम्बन्धी कार्य गर्ने संघ संस्थाहरु, राष्ट्रिय भूकम्प मापन केन्द्र | ० देखि १ घण्टा भित्र |
| २ | समुदायमा उद्धार तथा प्राथमिक उपचारको आवश्यकता | बिभिन्न साधन तथा श्रोतको उपयोग गरि तालिम प्राप्त खोज तथा उद्धार कार्यदलले उद्धार कार्य गर्ने । आवश्यक परेमा सुरक्षा निकाय तथा रेडक्रस लाई समेत अनुरोध गरि सामेल गर्ने । प्राथमिक उपचार कार्यदलले कार्य संचालन गर्ने तथा जटिल अवस्था छ भने अस्पताल पठाउने व्यवस्था मिलाउने । | खोज तथा उद्धार कार्यदल तथा प्राथमिक उपचार कार्यदल | गाँउ विपद व्यवस्थापन समितिहरु | जिल्ला बिपद् ब्यवस्थापन समिति, रेडक्रस, जिल्ला अस्पताल, स्थानिय विपद व्यवस्थापन समिति | ० देखि २४ घण्टा भित्र |
| ३ | मानिसहरुको खोजमा समस्या | चोटपटक लागेका तथा हराईरहेका मानिसहरुको तथ्यांक अध्याबधिक राख्ने तथा द्रुत सर्बेक्षण तथ्यांक संकलन गर्ने । | समुदाय, सुचना तथा पुर्व चेतावनी कार्यदल, सर्बेक्षण टोली गठन गरि परिचालन | गाँउपालिका, स्थानीय वा वडा स्तरिय बिपद् व्यवस्थापन समिति | जिल्ला बिपद् ब्यवस्थापन समिति, रेडक्रस, जिल्ला अस्पताल स्थानिय विपद व्यवस्थापन समिति | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गर्ने | | | |
| ४ | आन्तरिक बिस्थापन, खाद्यान्नको अभाव | बिपद् प्रभावित र आन्तरिक बिस्थापितका लागि आधारभुत खाद्य सामाग्री तथा अस्थायी बसोबासको व्यवस्था गर्ने | स्थानीय तथा वडा स्तरिय बिपद् व्यवस्थापन समिति | स्थानीयबिपद् तथा जलवायु उत्थानशिल समितिले आफुसंग भएको राहत सामग्री परिचालन गर्ने तथा अपुग श्रोतका लागि जिल्ला बिपद् व्यवस्थापन समिति तथा अन्य निकायहरुलाई अनुरोध गर्ने । | | ०-२४ घण्टा भित्र |
| ५ | स्वास्थ्य समस्या | प्राथामिक उपचार समिति परिचालन, शुद्ध खाने पानीको व्यवस्था | स्वास्थ्य तथा सरसफाई कार्यालय, | स्वास्थ्य चौकी तथा जिल्ला अस्पताल | | ०-२४ घण्टा भित्र |
| ६ | सत्य तथ्य सुचनाको अभाव | समुदायलाई सचेत गराउन जिल्ला बिपद् व्यवस्थापन समिति, बिभिन्न कार्यदल, गैर सरकारी निकायहरु, सञ्चार माध्यम बाट सत्य तथ्य पुर्वसुचना, आपतकालीन चेतावनी, जोखिम घटेको वा बढेको भए गरेका उद्धार प्रयासहरु र अपनाउनु पर्ने साबधानिहरु तथा सार्वजनिक अपिलहरु आवश्यकता अनुसार नियमीत रुपमा प्रवाह गर्ने । | गाँउ बिपद् व्यवस्थापन समिति | गाँउ बिपद् व्यवस्थापन समिति जिल्ला बिपद् व्यवस्थापन समिति तथा रेडक्रस, सुरक्षा निकाय | | ०-२४ घण्टा भित्र |
| ७ | प्रभावित नहुने परिवारले समेत राहत माग गरि समस्या उत्पन्न गर्ने | प्रभावित परिवारको दर्ता तथा खोजिकार्य, प्रभावित परिवालाई पहिचान पत्र बितरण र तथ्याँक व्यवस्थापन | गाँउ विपद व्यवस्थापन समिति | गाँउकार्यपालिका | **स**मुदाय बिपद् व्यवस्थापन समिति, रेडक्रस तथा अन्य सहयोगी निकायहरु | २४ देखि ४८ घण्टा भित्र |
| ८ | सुरक्षाको | सुरक्षा निकायलाई | जिल्ला बिपद् | गाँउपालिका | सुरक्षा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभाव | परिचालन गर्ने, सुरक्षा समिति गठन गर्ने | व्यवस्थापन समिति | तथा वडा | निकायहरु | |
| ९ | आपतकालिन सामग्रीको अभाव । | जिल्ला बिपद व्यवस्थापन समिति अर्न्तगतको बिषयगत समितिसंग समन्वय गरि अपुग सामाग्री तथा श्रोत बिस्थापित संख्याको आधारमा ब्वस्थापन गर्ने । | गाँउ विपद व्यवस्थापन समिति | गाँउपालिका तथा वडा | जिल्ला बिपद् ब्यवस्थापन समिति, राहतका लागि कार्य गरिरहेका संघसंस्थाहरु | |
| १० | लैङ्गिक हिंसा, गुनासा तथा बिवादहरु हुने । | जिल्ला बिपद ब्यवस्थापन समिति अर्न्तगतको बिषयगत समितिसंग समन्वय गरि संकटासन्न बर्गको आवश्यकता अनुसार निर्णय गरि कार्यान्वियन गर्ने । | गाँउ विपद व्यवस्थापन समिति तथा बिषयगत कार्यदल, | गाँउपालिका, सामाजिक बिकास शाखा | जिल्ला बिपद ब्यवस्थापन समिति तथा सुरक्षा निकायहरु, स्थानीय समाजसेवि तथा राजनैतिक दल | ४८ घण्टा देखि ७ दिन भित्र |
| ११ | कोभिड १९ जस्ता अन्य महामारी नियन्त्रणका लागि पानी सुद्धिकरण तथा फोहोर ब्यवस्थापन, सरसफाई, चेतना | स्वास्थ्य संस्थाहरुसंगको समन्वयमा स्वास्थ्य तथा सरसफाई कार्यदलले जनचेतनाका कार्यहरु गर्ने र आवश्यक सामाग्री उपलब्ध गराउने । | गाँउ विपद व्यवस्थापन समिति तथा बिषयगत कार्यदल, | **स्वास्थ्य कार्यालय, महिला स्वास्थ्य स्वयंसेविकाहरु** | **जिल्ला स्वास्थ्य कार्यालय** | |
| १२ | सरकारी निकायबाट दिईने आर्थिक सहयोग लिन समस्या | शब व्यवस्थापन तथा मृतक परिवारलाई काजकिरियाका लागि आर्थिक सहयोग गर्ने, मृतक प्रमाण पत्र लिन सहयोग गर्ने तथा राज्यबाट पाउने अन्य सहयोगका लागि जिल्ला बिपद् ब्यवस्थापन समितिलाई सिफारिस गर्ने । | गाँउ विपद व्यवस्थापन समिति तथा बिषयगत कार्यदल, | गाँउपालिका तथा वडा | सुरक्षा निकाय, समुदाय बिपद् बयवस्थापन समिति | ४८ घण्टा देखि ७ दिन भित्र |
| १३ | तथ्यांक संकलन तथा आवश्यक थप राहत समाग्रीको | बहु क्षेत्र प्रारम्भिक सर्बेक्षण | बिषयगत जनशक्ति समाबेश गरिएको | गाँउपालिका तथा वडा विपद व्यवस्थापन समिति, | जिल्ला बिपद ब्यवस्थापन समिति | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आंकलन | | बिशेष समिति गठन तथा परिचालन | | | |
| १४ | मनोसामाजिक समस्या | परामर्श दिने | गाँउ विपद व्यवस्थापन समिति तथा बिषयगत कार्यदल | गाँउपालिका तथा वडा | जिल्ला बिपद ब्यवस्थापन समिति अर्न्तगतको बिषयगत समिति | ७ दिन देखि २ साता भित्र |
| १५ | अस्थायी आश्रय स्थलमै लामो समय बस्ने | मानविय सहायताको क्षेत्रमा कामगर्ने सरकारी तथा गैरसरकारी निकायहरु संग समन्वय गरि स्थायी वास स्थानमा फर्काउने कृयाकलापहरु गर्ने । | गाँउ विपद व्यवस्थापन समिति तथा बिषयगत कार्यदल, | गाँउ पालिका तथा वडा | जिल्ला बिपद ब्यवस्थापन समिति तथा प्रशासन कार्यालय, स्थानीय समाजसेबि तथा राजनैतिक दल | अवस्था अनुसार |

## ३.७ विपद् पश्चात्‌का क्रियाकलापहरू

| प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| • विपद् पश्चात् गाँउपालिका तथा वडा स्तरमा पूर्वतयारी तथा प्रतिकार्यको समिक्षा, संकलित तथ्याङ्कको अद्यावधिक, पुन:स्थापना तथा पुर्ननिर्माण का गतिविधिहरु संचालन, विपद् | गाँउपालिका तथा वडा स्तरीय समिक्षा बैठक | गाँउ तथा वडा विपद व्यवस्थापन समिति | गाँउ तथा वडा, बिपद् व्यवस्थापन समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | जिल्ला विपद् ब्यवस्थापन समिति, जिल्ला सम्न्वय समिति, रेडक्रस, बिपद् ब्यवस्थापनमा कार्यरत संघ संस्थाहरु, स्थानिय विपद व्यवस्थापन समिति | विपद्को पछिको अवस्थामा २०७७ साल देखि निरन्तर |
| | संकलित तथ्याङ्कलाई अद्यायवधिक गर्ने । | रेडक्रस , वातावरण तथा विपद व्यवश्थापन समिति | गाँउ तथा वडा, बिपद् व्यवस्थापन समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | | विपद्को पछिको अवस्थामा २०७७ साल देखि निरन्तर |
| | महामारी फैलिन नदिन आवश्यक कार्य गर्ने समुदाय सरसफाई गर्ने | स्वास्थ्य चौकी, रेडक्रस, NGO\INGOs | गाँउ तथा वडा, बिपद् व्यवस्थापन समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | | विपद्को पछिको अवस्थामा २०७७ साल देखि निरन्तर |
| | पुन:स्थापना तथा पुर्ननिर्माणका गतिविधिहरु सञ्चालन | गा.पा, NGO\ INGO | गाँउ तथा वडा, बिपद् व्यवस्थापन | | विपद्को पछिको अवस्थामा |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्थापन योजना कार्यान्वयन को समिक्षा नहुदा भविष्यमा हुनसक्ने सम्भाव्य जोखिमबाट समुदायमा नकारात्मक असरहरु पर्ने । | गर्ने । | | समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | | २०७७ साल देखि निरन्तर |
| | जिविकोपार्जनका लागि आय आर्जनका गतिविधिहरु सञ्चालन गर्ने । | गा.पा., NGO\ INGO | गाँउ तथा वडा, बिपद् व्यवस्थापन समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | | विपद्को पछिको अवस्थामा २०७७ साल देखि निरन्तर |
| | विपद् पूर्वतयारी, रोकथाम, अल्पीकरणका गतिविधिहरु लाई निरन्तर रुपमा सञ्चालन गर्ने । साथै भत्केका संरचनाहरु पुनः निमार्ण मर्मत गर्ने । | गा.पा., रेडक्रस, NGO\ INGO | गाँउ तथा वडा, बिपद् व्यवस्थापन समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | | विपद्को पछिको अवस्थामा २०७७ साल देखि निरन्तर |
| | विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको समिक्षा तथा योजना पुनरावलोकन | गा.पा. | गाँउ तथा वडा, बिपद् व्यवस्थापन समिति, स्वस्थ्य चौकी, कार्यदलहरु | | विपद्को पछिको अवस्थामा २०७७ साल देखि निरन्तर |

## ४. सिफारिस तथा सुझावहरु :

बिस्तृत कार्य योजनालाई प्रभाबकारी रुपमा कार्यान्वयनका लागि तथा हुन सक्ने संभाबित क्षतिका लागि सामना गर्न सक्ने बनाउन आबश्यक संगठनात्क, संरचनागत रुपमा प्रभाबकारी रुपमा निरन्तरता दिनका लागि सरकारी, गैर सरकारी संघसंस्था तथा स्थानीय सरोकारावालाको सक्रिय सहभागिताका लागि संकटाभिमुखता र क्षमता आंकलन सुचनाका आधारमा तल उल्लेखित सिफारिस तथा सुझाबहरु उल्लेख गरिएको छ :

- विपद्को मुख्य जिम्मेवार निकाय स्थानीय समुदाय नै भएकोले समुदायबाटै सक्रिय सहभागिता र पहल जरुरी रहन्छ ।
- गाँउपालिकाले लक्षित कार्यक्रम सरह विपद् तथा जलवायु उत्थानका कार्य गर्नका लागि बार्षिक बजेट विनियोजन गरी आवश्यक अल्पीकरण तथा रोकथामका कार्यक्रम बनाई संचालन गर्नुपर्ने ।
- हरेक विकास निर्माण कार्य गर्दा विपद् जोखिम हिसावले ठीक छ छैन यकिन गरेर मात्र संचालन गर्नुपर्छ ।
- विपद् व्यवस्थापन कार्यमा स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको प्रयोगलाई बढी प्राथमिकता दिनुपर्छ ।
- विपद् कोष विपद्को बेला वा पछि आवश्यक पर्ने भएको हुदा समुदाय, वडा तथा गाँउपालिका स्तरीय विपद् कोष व्यवस्थापन गर्न सवै सरोकारवाला निकायका पदाधिकारीबाट पहल हुनुपर्ने ।
- आफ्नो क्षेत्रमा बारम्बार हुने विपद्को प्रकृति अनुसार, विपद पूर्व, विपद्को समयमा र विपद् पश्चात घरपरिवार, समुदाय स्तरमा गर्न सकिने र गर्नुपर्ने क्रियाकलापहरुको साझा बुझाई कायम गर्नुपर्ने ।
- समुदायको पारिवारिक, सामाजिक संकटासन्नताको स्थिति समयानुसार परिवर्तन हुदै जाने हुदा समय–समयमा वडा, बस्ती, टोल भेला गरी जानकारीहरु आदान प्रदान गर्नुपर्ने ।
- सहयोगी सरोकारवाला निकायहरुसंग दोहोरो सम्बन्ध कायम राख्न विपद् व्यवस्थापन समिति तथा उपसमितिहरुले आवश्यक कदम चालिराख्नु पर्ने देखिन्छ ।
- प्रकोप पात्रोलाई मध्येनजर गरी सम्भावित प्रकोपका खतरा र न्यूनीकरणका क्रियाकलाप गर्न समुदाय आफै अघि सर्नुपर्छ । परनिर्भरताको भावना हटाउदै लानुपर्छ ।
- समुदाय तथा स्थानीय विपद् तथा जलवायु उत्थानशिल कार्ययोजना अनुरुप कार्यक्रम अगाडि बढाउदै जानुपर्ने र आवश्यकता अनुसार कार्ययोजनामा थपघट वा परिवर्तन गर्नुपर्ने ।

## ५. कोरोना महामारीको पुर्वतयारी तथा प्रतिकार्य योजनाहरु

यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको निर्माणको कममा वडाहरुवाट प्रकोप पहिचान र संकटासन्नता तथा क्षमता बिश्लेषण पश्चात विश्वले कोभिड १९ माहामारीको सामना गर्नु पर्यो जुन अझै पनि निरतर जारी छ । यसैकम मा यस गाउंपालीका पनि अछुत रहन सकेन । यसैबिचमा कोभिड १९ माहामारीको प्रतिकार्यको लागि गाउंपालिकाले खेलेको भुमिका प्रसंसिय रह्यो । क्वारेन्टाईन व्यवस्थापन, कोरोना परिक्षण, कन्ट्याक ट्रेसिङ, विपन्नको लागि राहात बितरण र कोभिड १९ बाट बच्नको लागि साबधानि तथा सरसफाईको वारेमा प्रचार प्रसार गर्ने काममा गाउंपालिकाले आफ्नो क्षमता अनुशार अग्रपत्तिमा रहेर काम गर्यो ।

संकटासन्नता तथा क्षमता बिश्लेषणको क्रममा कोभिड १९ माहामारीका नदेखिएको भएता पनि पछिल्ले क्रमा उत्पन्न यस महामारीलाई यस योजनाको अन्तिम प्रस्तुतिकरण भेलामा स्थानिय जनप्रतिनिधिहरु, गा.पा.का विषयगत विभागका प्रमुखहरु र अन्य सरोकारवालाहरुको बिचमा छलफल गरी कोरोना महामारीको पुर्वतयारी तथा प्रतिकार्यका लागी निम्न योजनाहरु निर्माण गरिएको छ ।

| क.सं. | कृयाकलापहरु | इकाई | परिमाण | बजेट | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कोभिड १९ बाट बच्न अपनाउनुपर्ने स्वास्थ्य समवधानिको बारेमा जनचेतजना जगनउने | पटक | ३२ | १,६०,००० | २०७७ साल देखि २०८१ सम्म | भित्तेलेखन, माईकिङ, रेडियो जिङगल आदि |
| २ | सेवाग्राहिहरुको चाप धेरै हुने स्थानहरु जस्तै, गा.पा, वडा पालिका, स्वस्थ्यचौकि कार्यालयहरुमा खुट्टाले चलाउनमिल्ने हातधुने स्थानको निर्माण गर्ने | ओटा | १७ | ३,४०,००० | २०७८ साल भित्र | |
| ३ | स्वास्थ्यचौकिहरुलाई स्वास्थ सामाग्रिहरु उपलब्ध गराउने | ओटा | ८ | ५,६०,००० | २०७८ साल भित्र | स्बचालित ह्यान्ड स्यानिटाईजर, मास्क, ग्लोव्स, PPE, Face shield आदि |
| ४ | कोरोना प्रभावित परिवारको लागि गैर कृषि व्यवसाय स्थनपनाको लागि तालिम तथा सहयोग | जना | ८० | २४,००,००० | २०७९ साल भित्र | |
| ५ | कोरोना प्रभावित परिवारको लागि उन्नत कृषि प्रबिधि सम्बन्धि तालिम तथा सहयोग | जना | १६० | ४०,००,००० | २०८० साल भित्र | |
| ६ | समुदायमा बिद्यमान | पटक | २४ | ४५०,००० | २०७७ साल | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लैंगिक हिंशाका घटनाहरु र कोभिड १९ को कारण पर्ने थप नकारात्मक प्रभाव न्यूनिकरणको लागि समुदायस्तामा अभिमुखिकरण संचादन गर्ने | | | | देखि २०८० सम्म | |
| ७ | कोभिड १९ को कारण समुदायका व्यक्तिहरुमा पर्नसक्ने मनोसामाजिक समस्या व्यबस्थाना गर्नको लागि सामाग्रि प्रकाशन तथा सम’दायमा मनोसामाजिक परामर्सदाता द्धारा अभिम’खिकरण | पटक | १६ | २९६००० | २०७९ साल भित्र | |
| ८ | मदर्शा तथा बिद्यालयहरुमा कोभिड १९को जोखिम न्यूनिकरण गर्नको लागि स्वस्थ्य सामाग्रि हस्तान्तारण | संख्या | ३५ | १७,५०,००० | २० ७७ साल देखि २०८० सम्म | स्बचालित ह्यान्ड स्यानिटाईजर, मास्क, Face shield आदि |

**अनुसुचिहरु**

**अनुसुची १. यसोधरा गाँउपालिकाको स्रोत तथा जोखिम नक्शा**




## अनुसुची २. जोखिम सुचना संकलन फारम

| प्रकोप | वडा र समुदायको नाम | जोखिममा पर्न सक्ने घरधुरी | जोखिममा पर्न सक्ने जनसंख्या | जोखिममा पर्न सक्ने जमिन | जोखिममा पर्न सक्ने विधालय | जोखिममा पर्न सक्ने वालवालिका | वालवालिकालाई विधालय जान आउदा हुन सक्ने जोखिम | जोखिममा पर्न सक्ने खानेपानी संरचना | जोखिममा पर्न सक्ने सार्वजनिक संरचना | जोखिममा पर्न सक्ने सिंचाई संरचना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वाढि तथा डुवान | १ नं. वडा तितिखर्ी, दुरवसाहा पुल देखि दक्षिण | | १०० घर परिवार | १०० विगाहा | | १५ | | | सडक २०० मिटर | |
| | २ नं. वडा पश्चिम भडेहर, भाउपुर, विचली भडेहर | | | २० हेक्टर | | | | | | |
| | ३ नं. वडा | | | ३०० विगाहा | | | | | | |
| | ४ नं वार्ड पर्सोहिया, सेमरी, | | | १५० विगाहा | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पोखरी मडुवा | | | | | | | | | |
| | ५ नं. वडा, लोहलौरी, भगवानपुर, नदुवा, रामनगरा | | | ४० विगाहा | | | | | | |
| | ६ नं. वडा, रंगपुर, रमवापुर, पुन्नीहवा, कर्जहवा, रतनपुर | | | १०० विगाहा | | | | | | |
| | ७ नं. वडा, सुल्तनवापुर, ईटवा, सेमरी, वेल्सापुर | २०० | ८०० | ८०० विगाहा | २ मदरसा, २ विद्यालय | | | | | वांणगंगा वाँध |
| | ८ नं. वडा, | ८०० | ३२०० | १०० विगाहा | सरस्वती प्रावि, राष्ट्रिय निमार् | ८०० | | सवै नल्का डुव्ने | ५० वटा पसल | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | व | | | | | |
| पोखरीको जोखिम | १ नं. तितिखर्ी, पर्सोहिया | | | २ कट्ठा | नेरा मावि१, | १०० | | | | |
| | | | | | | | | | | |
| | ३ नं. | | | | श्री कृष्ण धार्मिक मावि | १०० | | | | |
| | ४ नं. | | | | श्री जनसेवा प्रावि | | | | | |
| | ६ नं. वडा, रमवापुर | | | | राष्ट्रिय जनजागृति प्रावि | १०० | | | | |
| | ७ नं. वडा | | | | गौतम वुद्ध आधारभुत, वच्चा लाल आधार | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भुत | | | | | |
| खडेरी | १ नं. वडा, तितिखर्ी | ३०० | १५०० | १०० विगाहा | | १०० | | | | |
| | २ नं. वडा | २०० | ८०० | १५० विगाहा | | १५० | | | | |
| | ३ नं. वडा | १०० | ५०० | ५०० विगाहा | | ७० | | | | |
| | ४ नं. वडा | १०० | ४०० | २०० विगाहा | | ६० | | | | |
| | ५ नं. वडा | ५० | २०० | १५० विगाहा | | ४० | | | | |
| | ६ नं. वडा, भैसहिया, रमवापुर | १०० | ४०० | ३०० विगाहा | | ९० | | | | |
| | ७ नं. वडा | १०० | ३५० | २०० विगाहा | | ७० | | | | |
| | ८ नं. वडा, शिवखोर, | ५०० | २००० | ५०० विगाहा | | ४०० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाँसखोर, खोरिया | | | | | | | | | |
| आगलागी | १ नं. वडा, तितिखर्ी | ३५ | १४० | | | २० | | | | |
| | २ नं. वडा, भाउपुर र सोनवर्षि | ७० | ३५० | | | ७० | | | १५ | |
| | ३ नं. वडा, हर्दिहवा | १५ | ६० | | | १५ | | | | |
| | ४ नं. वडा | ७० | २८० | | | ४० | | | | |
| | ५ नं. वडा | ५० | २०० | | | ३० | | | | |
| | ६ न. वडा | ४० | १६० | | | २९ | | | | |
| | ७ नं. वडा | ४५ | १७५ | | | ३५ | | | | |
| | ८ नं. वडा | २०० | ८०० | | | १०० | | | | |
| शित लहर | पुरै गाँउपालिका | ६५५ | २५०० | ८०० विगाहा | | ५०० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महा मारी | पुरै गाँउपालिका | २०० | ८०० | | | १९५ | | | | |

**अनुसुची ३. सहभागीतामुलक संकटासन्नता तथा क्षमता सम्वन्धि संक्षिप्त प्रतिवेदन**

**१.१ प्राकृतिक स्रोत साधनः** भौगोलिक हिसाबले धेरै जसो समथर भुभाग रहेको यो क्षेत्रको माटो उर्वरशिल भएकाले खेतीपातीका लागी उपयोगी छ, गाँउपालिका भित्र सिंचाईको लागि वाँध, कुलो, भुमिगत सिंचाई

प्रणाली रहेको छ जुन भएको जग्गालाई सिंचाई गर्न अप्रयाप्त छ । सिंचाईको उपयुक्त प्रबन्ध तथा भएका पानीका स्रोतहरुको सहि सदुपयोग भएको खण्डमा यहांको कृषि प्रणालीमा सुधार गरि आयआर्जनमा वृद्धि गर्न सकिने संभावना प्रबल देखिन्छ । यस गाँउपालिकाको अधिकाँस क्षेत्र ग्रामीण ईलाका रहेकोले पनि यस क्षेत्रको आर्थिक अवस्था मध्यम तथा कमजोर रहेको देखिन्छ, यस अर्थमा कि जनजाती, दलित तथा पिछडिको समुदाय विकासका हरेक कार्यबाट पछि पर्दै आईरहेको पाईन्छ । कतिपय वस्तीका जमिनहरु बलौटे भएकोले कृषकहरुले सोही अनुसारको खेति प्रणाली अपनाएको देखिन्छ तर उन्नत प्रविधि, बिउबिजन तथा सिंचाई अभाबमा खासै फाईदा लिन नसकिरहेको देखिन्छ । यो पालिका सिंचाई गर्ने हिसाबले प्रचुर सम्भावना रहेको पालिका रहेकोले सिंचाईका परियोजना संचालन गरि बर्षैभरि सिंचाई उपलब्ध गराउन सके उत्पादनमा बृद्धि भई आय आर्जनमा समेत बृद्धि हुने देखिन्छ ।

## १.२. यसोधरा गाँउपालिका अन्तर्गत बग्ने खोलानाला तथा नदी तिनबाट पर्ने प्रभाव

यो गाँउपालिकामा रहेका प्रमुख बिपद निम्त्याउने खोलानाला तथा नदिहरुमा वाँणगंगा, जमुवार, लोह झरुवा, महाशैया तथा विभिन्न घोलाहरु हुन् । खोलानाला तथा नदिहरुको सहि व्यवस्थापन नहुदा वेलावेलामा दुख दिईरहेको अवस्था छ । जमिन, बालीनाली तथा पशुचौपायाहरुको बार्षिक रुपमा भैरहेको क्षतिले मानिसहरु झन् भन्दा झन् कठीन अवस्थामा दैनिकि गुजारीरहेका छन् ।

**१.३ सडक तथा पैदल मार्गको अवस्थाः** यस गाँउपालिका क्षेत्रभित्र तौलिहवा खुनुवा लगाएतका विभिन्न सडक संजाल रहेका छन् ।

**१.४ भू-उपयोग** : उर्वर उब्जाउशिल जमिन रहेको प्राय धान, मकै, गहुँ, मकै तथा तोरि जस्ता बालीहरु लगाउने गरेको तर बर्षाको समयमा खेति योग्य जमिनमा बाढी पस्ने डुवान हुने तथा कटान हुने भएकोले कृषकहरुले बाढीबाट असर नहोस भन्ने मनसायले सोही बमोजिमको खेतिगर्ने गरेका छन् । कताकति कृषकहरुमात्र उन्नत खेति प्रणाली अपनाउने गरेका छन् भने धेरै जसो कृषकहरु परम्परगत तरिकाबाट नै खेतिपाति गर्ने गरेका छन् । पछिल्ला केही बर्षमा जग्गााको कारोबारमा आएको मुल्य बृद्धिले गर्दा सडक बरिपरि रहेका खेतियोग्य जमिन तथा बाटोले जोडिएका जग्गाहरु चक्लाबन्दि गरि घडेरीमा परिवर्तन बेचबिखन गर्ने गरेकोले खेति योग्य जमिन बिस्तारै घट्दै गएको छ । कति पय क्षेत्रको जग्गा बलौटे भएकोले कृषकहरुकले चाहे जस्तो बाली तथा उत्पादन लिन सकिरहेका छैनन् ।

**१.५ जनसंख्या विवरण** :२०६८ को जनगणना अनुसार यो गाँउपालिकामा ५४१३ घरधुरी रहेका छन भने कुल जनसंख्या ३८९५२ रहेको छ जसमा १९२५८ महिला तथा १९६९४ पुरुष रहेका छन् ।

### १.६ प्रकोपको अवस्था

यो गाँउपालिका बहुप्रकोपको कारणबाट वर्षेनी प्रभावित भैरहेको देखिन्छ । वर्षेनी रुपमा आउने बाढी तेस्रो समस्याको रुपमा आएको देखिन्छ । अनियमीत बर्षा, अतिबृष्टि, अनाबृष्टि निकासको समस्या, विपद् सम्वन्धि जनचेतनाको अभाव देखिनु, जलवायु परिवर्तन हुनु यावत कारणले गर्दा बाढी जाने गरेको तथा सबै बार्डहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाबित भएको देखिन्छ ।

यो वडामा खडेरी खडेरी बिपद्को रुपमा आएको छ जसका कारण बर्षेनि खेती वाली नष्ट हुदा लाखौ बराबरको क्षति हुने गरेको पाईन्छ भने आगलागी, महामारी जस्ता प्रकोपहरु समेत निम्तीने गरेको छ । त्यसैगरि शितलहर, हुरीबतास, महामारी, किरा तथा लामखुट्टेको आक्रमण, सडक दुर्घटना, असिना र भुकम्प गरि बिभिन्न किसिमका प्रकोप तथा बिपद्को सामाना स्थानीय स्तरमा भोगिरहेको तथ्य आएको छ । समुदायसंगको छलफल तथा मौषमी पात्रोको आधारमा बर्षाको समयमा परिवर्तन भई पछि र्सदै गएको तथा बाढी तथा महामारी जन्य प्रकोप पनि पछाडी जाने गरेको पाईन्छ भने जाडोको समयपनि घटेको पाईन्छ तर जाडोको मात्रा तथा हुस्सु लाग्ने समयाबधि बढीरहेको छ । बिपद् पछाडि राहत उद्धारका लागि केहि सहयोग हुने गरेको भएपनि दिर्घकालिन रुपमा यसको समाधान तथा न्युनिकरणमा खासै काम भएको छैन ।

गाँउपालिकामा रहेको बिद्यमान सङ्कटासन्नता र जोखिमको सामना गर्न पालिकाले ब्यवस्थापन गर्न सक्ने, गाँउपालिका भित्र वा बाहिर रहेका क्षमताहरु के कस्ता छन् भनेर पहिचान गर्दा तल उल्लेखित क्षमताहरु देखिएको छ ।

## १. ७ गाँउपालिकामा रहेको क्षमता

पालिका भरी ग्रावेल तथा कच्चा सड्क सञ्जाल ६६ किमि रहेको छ भने २७ किमि पिच तथा पिसिसि सडक रहेका छन । गाँउपालिका भरि जम्मा ६० भन्दा वढि वटा पक्की पुलहरु रहेका छन भने २०० वटा भन्दा वढि कल्भर्टहरु तथा १३ वटा वाँध रहेका छन । गाँउपालिका भित्र सरकारी तथा निजि ( मदरसा समेत) गरि ४५ वटा बिद्यालय, १ सामुदायिक अध्ययन केन्द्र रहेका छन् भने करिव १०,००० विद्यार्थीहरु अध्ययनरत छन । यस गाँउपालिकामा महिलाहरुको वचत समुह, सामुदायिक संस्था संञ्जालहरु रहेका छन् । त्यसै गरि निर्णय तहमा १८ जना महिलाहरु काम गरिरहेका छन् । समाजमा अपांगता भएका ब्यक्तिहरु मिलि औपचारिक तथा अनौपचारिक रुपमा ५ वटा वार्डमा आफ्नै संस्था तथा सञ्जाल तयार गरि कार्यरत रहेको पाईयो । यस पालिकामा स्थानिय विपद व्यवस्थापन समिति गठन भई विपद व्यवस्थापन कोष संचालनमा छ भने १ एम्वुलेन्स संचालनमा छ, १ रवरवोट वडा नं. ८ सिहोखोरमा रहेको साथै पालिकामा संचारको पर्याप्त विकास र सवारी साधनको पनि सुविधा रहेको छ भने दमकलको लगि कपिलवस्तु नगरपालिकालाई गुहार्नुपर्ने अवस्था छ ।

## १.८ स्रोतको उपलव्धता तथा पहुँच

| विवरण | नाम रहेको स्थान | सङ्ख्या कति | अवस्था | कैफियत |
|---|---|---|---|---|
| **भौतिक स्रोत**<br>पुल (कल्भर्ट,पक्की पुल) | जमुवार, महाशैया, वाणगंगा, नहर, लोहभ्फरवा नदि, नाला तथा खोलाहरुमा | ६५ वटा | संचालनमा | १० वटा विभिन्न स्थानको मर्मत गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| सडक सञ्जाल | पालिका भरीमा | २७ किमि पिच तथा पिसिसि र ६६ किमि कच्ची | संचालनमा | |
| बाँध सिंचाई | पालिका भरीमा | १३ | संचालनमा | केही मर्मत गर्नुपर्ने |
| विद्यालय भवन | पालिका भरीमा | २८ वटा | संचालनमा | |
| मदरसा | पालिका भरीमा | १७ | संचालनमा | |
| सुरक्षित अवास | नभएको | | | |
| सामुदायिक चर्पी | नभएको | | | |
| सञ्चारका साधन | पालिका भरीमा | **मोवाईल, टेलिफोन, इन्टरनेट** | | |
| यातायातका साधन | साईकल, ट्याक्टर, मोटरसाईकल, वस, ट्रक, मझौला गाडीहरु | | | |

| | | | | |
|---|---|---|---|---|
| | उपलव्ध | | | |
| पूर्व सूचना प्रणाली | | | | |
| आपतकालिन सामग्री | वडा नं. १, २, ३ र ८ मा रहेको छ र ३ वटा विद्यालय तथा २ वटा मदरसामा रहेको | खोज तथा उद्धारको सामग्रीहरु रहेको | विपदको वेला चलाउन सकिने | |
| द्यमकल | तौलिहवा | १ | | |
| एम्वुलेन्स | गाँउपालिकामा | १ वटा | संचालनमा | |
| स्टीमर, डुङगा | वडा नं. ८ खोरियामा | १ वटा | | |
| स्वास्थ्य चौकी | पालिका भरीमा | ८ | संचालनमा | |
| प्रहरी चौकीहरु | वार्ड नं. १ मा जग्गा उपलव्ध भएको तर चौकी नभएको | पालिकाभरमा २ वटा वार्ड नं. ६ र ७ मा | | |
| **मानव संसाधन** | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| जिल्ला तथा समुदाय बिपद् प्रतिकार्य सम्बन्धि तालीम प्राप्त जनशक्ति | आपतको वेलामा प्रहरीहरु परिचालन हुने तर तालिम प्राप्त नभएको | | | |
| आधारभुत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | आपतको वेलामा प्रहरीहरु परिचालन हुने तर तालिम प्राप्त नभएको | | | |
| बिपद् ब्यवस्थापन वजेट विनियोजन | गाँउपालिकामा | १ | | |
| प्राथमिक उपाचार तालिम प्राप्त जनशक्ति | स्वास्थ्य चौकीमा | ५३ जना | दक्ष | |
| पूर्व सुचना प्रणाली सम्बन्धि तालिम प्रप्त जनशक्ती | | | | |
| तालिम प्राप्त स्वास्थ्य स्वयंसेविका | पालिका भरी | १०६ जना | दक्ष | |
| तालिम प्राप्त कृषि प्राविधिक | पालिका भरी | ८ जना | | |

| | | | | |
|---|---|---|---|---|
| शिक्षक | पालिका भरी | २०८ जना | | |
| कर्मचारी | पालिका भरी | ३३ जना | | |
| सिकर्मी | पालिका भरी | ६०० | | |
| डकर्मी | वडा भरीमा | ७२० | | |
| आर्मि क्याम्प | कपिलवस्तु नगरपालिकामा रहेको, विपदको वेला सहयोग लिन सकिने | | | |
| पशु प्राविधिक | पालिका भरी | ४ जना | | |
| **सामाजिक स्रोत** | | | | |
| सामुदायिक भवन | वार्ड नं. ४ र ७ मा | ३ वटा | | |

| | | | | |
|---|---|---|---|---|
| पाटी पौवा | | | | |
| सार्वजनिक धारा, खानेपानी बितरण | | | | |
| मठ मन्दिर | पालिका भरी | ९१ | | |
| मस्जिद | पालिका भरी | ३४ | | |
| पानिको मुहान | | | | |
| ताल, पोखरी | पालिका भरी | १५९ | | |
| **सामाजिक संरचना** | | | | |
| महिला तथा आमा समुह | पालिका भरी | ६१ वटा | | |
| आयआर्जनमा सक्रिय महिला समूह | वडा भरीमा | २० समुह | | |

| | | | | |
|---|---|---|---|---|
| निर्णय तहमा भएका महिला | पालिका भरी | १७ जना | | |
| अपाङ्ग समुह | पालिका भरी | ५ वटा वार्ड स्तरिय संजाल | | |
| वाल संजाल, क्लव | पालिका भरी | ३ वाल संजाल तथा ३५ वटा क्लव | | |
| युवा क्लव | पालिका भरी | १५ वटा | | |
| **आर्थिक स्रोत** | | | | |
| व्यापार व्यवसाय | पालिका भरी | ७ प्रतिशत | | |
| वचत समुह | पालिका भरी | १५० भन्दा वढी | | |
| उद्योग कलकारखाना | पालिका भरी | ३३ वटा सेलर मिल | | |

| | | | | |
|---|---|---|---|---|
| बैक, तथा वित्तिय संस्था | पालिका भरी | ५ | | |
| सहकारीहरु | पालिका भरी | ४१ वटा | | |
| कृषीमा आधारीत जनसंख्या | पालिका भरी | ९३ प्रतिशत | | |
| **प्राकृतिक स्रोत** | | | | |
| खेतियोग्य भुमी | पालिका भरी | ९३ प्रतिशत | | |
| नदि तथा खोला | जमुवार खोला, महासैया, वाँणगंगा, लोहभ्ररुवा, नहरहरु तथा साना तिना खोलाहरु | १० वटा | | |
| सिचाँईको साधन | पालिका भरी रहेको नहर, पोखरी, नदि, नाला, खोला, नल्का | २०० भन्दा वढि | | |

| | | | | |
|---|---|---|---|---|
| बनजंगल तथा वगैचाहरु | पालिका भरी | २२ वटा ठुलो | | |
| खेर गैरहेको जमिन | पालिका भरी | ८०० विगाहा भन्दा माथी | | |

## १.९ गाँउपालिकाको क्षमता, संकटासन्नता

नपाको संकटासन्नता तथा क्षमता आँकलनबाट आएका सूचनाहरुको सारांलाई यहा सारांसमा राखिएको छ । जसले गर्दा बिपद् जोखिम न्यूनिकरणका उपायहरुलाई ब्यबस्थित तरिकाले योजनाको रुपमा रुपान्तरण गर्न सजिलो हुनेछ । यस नगरपालिकाको सङ्कटासन्नता र क्षमताबीच देखिएको दूरीलाई तल उल्लेख गरिएको छ ।

| प्रकोप | भोगिरहेका समस्याहरु | संकटासन्नता | क्षमता | संकटासन्नता र क्षमता बिचको दुरी |
|---|---|---|---|---|
| बाढी | • समुदाय विस्थापित हुनु<br>• वर्षेनि जमिन डुबानी तथा पटान, कटान हुनु<br>• वर्षात्मा आवत जावत गर्न समस्या तथा बाढी आउँदा आवतजावत गर्ने समस्या भई विद्यार्थीहरु पनि विद्यालय जान नपाउनु | • कटानी, पटानी तथा डुवान जस्ता समस्यालाई रोक्न समुदाय विभिन्न संघ संस्थाको भर पर्ने आफै प्रयासमा नजुट्नु अर्को तर्फ समुदायको कमजोर आर्थिक अवस्था<br>• विपद व्यवस्थापन सम्बन्धि ज्ञान तथा समाग्रीहरुलाई व्यवहारिक रुपमा प्रयोगमा नल्याउनु र बेवास्ता गर्नु र समय मै सचेत | • स्थानीयश्रम तथा जनशक्ति<br>• विभिन्न संघसस्थाहरु कार्यरत जसले बिभिन्न समयमा बिबिध सहयोग गर्न सक्ने ।<br>• विपद् व्यबस्थापन सम्बन्धि समिति तथा पालिका स्तरमा कोषको व्यवस्था<br>• प्राकृतिक पानीको श्रोत तथा नहर, भुमिगत पानी ।<br>• पौडिबाजहरु रहेको<br>• सुरक्षित वाटो<br>• वाढी पानी निकासको लागि | • जनचेतनाको अभाव<br>• नियम निर्माण तथा कारर्बाहीको अभाव<br>• समुदायमा आयआर्जनका कार्यक्रम पर्याप्त नहुनु<br>• माटो अनुसारको खेती गर्न जोड नदिइनु<br>• तठबन्धन निमार्णका लागि विभिन्न संघ संस्थाहरुसँगको पहुँच र समन्वयको अभाव<br>• विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको<br>• पुल बनाउन आर्थिक स्रोतको अभाव<br>• काम गर्ने जनशक्तिहरुको अभाव अर्थात् पुरुषहरु काम |

| | | | | |
|---|---|---|---|---|
| | | नहुनु<br>• नदिमा पुलको पर्याप्त व्यवस्था नहुनु,<br>• सुरक्षित भवनको अभाव | पुल,कल्भेट र ह्यूमपाईप<br>• बचत समुह तथा स्थानीय सहकारीहरु रहेको | गर्न अन्यत्र जाने गरेको र महिला, बालबालिका तथा वृद्धावृद्धहरु मात्र घरमा रहने<br>• वृक्षारोपणको पर्याप्त पहल नहुनु । |
| **शितलहर** | • वालवालिका तथ वृद्ध, वृद्धालाई असर पर्नु<br>• वाली नाली नष्ट हुनु<br>• आर्थिक अवस्था झन दयनिय वनाउनु | • शितलहर पुर्वतयारी सम्वन्धि ज्ञानको अभाव रहनु,<br>• आर्थिक अवस्था कमजोर भएको कारण न्यानो कपडा, दाउराको जोहो गर्न नसक्नु, पक्की घरहरु नहुनु | • विगतको तुलनामा वाणगंगा नगरपालिका विपद व्यवस्थापनमा संस्थागत हुदै जाने क्रममा रहेको, पालिका स्तरमा १० लाख विपद व्यवस्थापन कोष रहेको, जलवायु अनुकुलन विउ हरु लगाउन थालेको । | • समुदायमा आयआर्जनका कार्यक्रम पर्याप्त नहुनु<br>• माटो अनुसारको खेती गर्न जोड नदिइनु<br>• विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको<br>• वृक्षारोपणको पर्याप्त पहल नहुनु । |

| | | | | |
|---|---|---|---|---|
| **खडेरी** | • बालीनाली सुक्नु तथा उत्पादनमा ह्रास हुने जसका कारण आम्दानीमा कमी तथा खाद्यान्नको अभाव ।<br>• खानेपानीको अभाव<br>• जलवायु अनुकुलन खेति प्राणालीको बारेमा जानकारी नहुन ।<br>• महामारीको अवस्था सिर्जना हुने । | • सिंचाईको लागि लगानी गर्न आर्थिक अवस्था कमजोर<br>• आधुनिक खेति प्रणालीका बारे जानकारी तथा सिप नहुनु । | • नदि तथा मुहानहरु भएको ।<br>• केही मात्रामा भएपनि कृषकले आफ्नै श्रोतबाट पाईपको व्यवस्था गरी तथा अन्य सिंचाईको व्यवस्था गरेको । | • नदिको पानी प्रयोगमा ल्याउने शुरुवात भएपनि व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।<br>• ब्यक्तिगत स्तरमा भन्दा सामुहि स्तरमा मिलेर सिंचाईका कार्यहरु संचालन गनुपर्ने ।<br>• जलबायु अनुकुलन खेति प्रणालीका बारेमा कम ज्ञान तथा सिप भएको ।<br>• सरकारी स्तरबाट क्षति पश्चात कहिलेकाँही राहत बापत केही बालीका बिउ दिने गरेको भएपनि दिर्घकालीन समस्या समाधानको लागि पहल नभएको । |
| **आगलागी** | • घर भित्र रहेका अन्न तथा लत्ता कपडा जलेर नष्ट<br>• खाधान्नको अभाव, आर्थिक अवस्था कमजोर हुदै जानु<br>• दैनिक कियाकलापमा अवरोधहुनु,चौपायाहरु को क्षति हुनु | • भान्छा गोठ तथा घर खरले छाएको<br>• आर्थिक अवस्था कमजोर हुदै गएको<br>• जनचेतनाको कमी | • घर तथा भान्साको छाना लिपपोत गरेको<br>• आगलागि सम्बन्धि सन्देशमुलक रेडियो कार्यकम | • गरिबी, अज्ञानता र अशिक्षा<br>• दमकलको व्यवस्था नहनु<br>• डाग्रीको व्यवस्था नहनु |
| **किट, लामखुट्टे, रोग किरा, सर्पदंश** | लामखुट्टे तथा अन्य किराको टोकाईबाट अन्य जटिल र सरुवा रोग फैलिने ।<br>उपचारमा लागि आर्थिक क्षति<br>मानसिक तनाब<br>किराको खेतिबाली समेत नोक्सानी, खेतीपातीहरु खाईदिने, सपको टोकाईवाट | • सरसफाईको कमी<br>• खेतिपातीको उत्पादनमा प्राबिभिक रुपमा कमी<br>• बाली चक्र तथा खेति प्रणाली बैज्ञानिक ढंगबाट नअपनाउने ।<br>• पुरानो तथा गुणस्तर राम्रो नभएका बिउ प्रयोग गर्ने । | • सकेसम्म धुवाँ लगाएर बस्ने गरेको<br>• स्थानीय स्तरमा उलपब्ध प्रबिधि तथा ज्ञानको उच्चतम प्रयोग गर्ने गरेको ।<br>• २० किमिको दुरीमा सर्प दंश उपचार केन्द्र रहेको<br>• घर तथा गोठहरु | ढल निकासको राम्रो प्रबन्ध नभएको ।<br>पानि जम्ने खाडलहरु जताततै हुनु ।<br>सरसफाईमा जनचेतनाको कमी ।<br>झुलको नलगाई सुत्ने बानी ।<br>खेतिबालीको लागि प्राबिधिक सल्लाह कम पुगेको तथा सल्लाह लिने |

| | | | | |
|---|---|---|---|---|
| | गम्भिर घाईते तथा मृत्यु हने । | ● नजिकै सर्पद)श उपचार केन्द्र नहुनु अर्थात भ्जार फुकमा विश्वास | सरसफाईमा ध्यान दिन थालेका | परिपाटी पनि निकै कम भएको । परम्परागत उपचारमा भर पर्ने । |
| **हुरीबतास** | ● घर तथा अन्य भौतिक संरचनामा क्षति<br>● मानिस घाईते हुनु<br>● अर्थिक भारमा वृद्धि<br>● धन, जन, पशु क्षति | ● घर नजिकै सुकेको रुख वा कमजोर हुनु<br>● घर वनाउदा छाना राम्रो सँग नछाउनु<br>● विधुतका पोलहरु घर नजिक हुनु | ● केहि घरहरु पक्कि भएको घरका छानाहरु वलियो तरिकाले वानेको, सचेत वन्दै गएको । | ● घरवरीपरी कमजोर तथा ठुला रुखहरु भएको<br>● घरको छाना कर्कटपाता र खरले छाएको<br>● विधुतका लाईन हरु पर्याप्त मात्रामा व्यवस्थि तरीकाले जडान नभएको |
| **महामारी** | ● स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नु शारीरिक कमजोरी हुदैजानु<br>● दैनिक जीवनयापन गर्न गाह्रो हुनु<br>● लामखुट्टेले टोक्दा इन्सेफलाइटिस तथा मलेरिया जस्ता रोगहरु लाग्ने<br>● कोभिड १९ जस्ता महामारी फैलिनु | ●मानवीय मृत्यु हुने<br>●अपांगता हुने, टाउको दुख्ने आँखा पाक्नु तथा छाला सम्बन्धि रोगहरु देखा पर्नु<br>●आर्थिक अवस्था कमजोर<br>●समय मै स्वास्थ्य संस्थामा नजानु | ● उपस्वास्थ्य चौकी<br>● प्रत्येक समुदायमा महिला स्वास्थ्य स्वयंम् सेविका<br>● जनचेतना कार्यक्रम प्रत्येक वडामा<br>● घरवरिपरि सरसफाई | ●जनचेतनाको कमी,<br>●उच्च नल्काको अभाव<br>●पानी शुद्ध गर्ने प्रक्रियाको बारेमा जानकारी नहुनु<br>●सबै घरधुरीमा चर्पी नहुनु तथा चर्पी भएको घरधुरीमा पनि सबैले चर्पी प्रयोग नगर्नु को प्रयोग नहुनु अर्थात खुला दिसा पिसाब गर्ने गरेको |
| **असिना** | बालीनाली तथा अन्य भौतिक क्षति<br>चोटपटक लाग्ने | ● खेतिबाली तथा अन्य भौतिक संरचना र सम्पत्ति | ● | ● बाली तथा सम्पत्ति बिमाका बारेमा कम चासो तथा जानकारी |
| **भुकम्प** | भौतिक संरचनाहरु ध्वास्त हुनु<br>जनधनको क्षति हुनु<br>मानसिक तनाब | कमजोर भौतिक संरचना<br>भौगोलिक अवस्थिति | ● खुल्ला मैदानहरु प्रशस्त हुनु ।<br>● ठुला ठुला भौतिक संरचनाहरु नहुनु | ● सुरक्षित स्थान पहिचान नगरिएको ।<br>● भवन निर्माण आचार संहिता लाई प्रभावकारी कार्यान्वयन गर्ने नगरेको<br>● भुकम्प सम्बन्धि जनचेतनाको कमी |

## १.१०.प्रकोप, वाली तथा वनस्पती तथा मौसमी पात्रो नमुना

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले (३० बर्ष | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरीबतास | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी ( हैजा ,झाडाप, खाला, रुघाखोकी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| भूकम्प | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**प्रकोप पात्रोको पूर्व तयारीका कृयाकलापहरु :**

| क.स. | प्रकोपको किसिम | पूर्व तयारीका कृयाकलापहरु |
|---|---|---|
| १. | वाढी | घर वनाउँदा अग्लो ठाउमा वनाउने, घर आगनमा माटो पटानी गर्ने,महत्व पूर्ण कागजात अग्लो ठाउमा राख्ने, वाढी मापन यन्त्रको ३ तह सूचनाको वारेमा जानकारी लिने, आपतकालिन समाग्रीको मर्मत संभार गरी व्यवस्थित राख्ने,विभिन्न विषयगत ३ वटा कार्यदलहरु लाई तयारी अवस्थामा राख्ने । |
| २. | शितलहर | जलवायु अनुकुल खेती प्रणाली लागुगर्ने, न्यानो कपडा तथा दाउराको व्यवस्थापन गर्ने । |
| ३. | खडेरी | सुख्खा सहन सक्ने विउको प्रयोग गर्ने, पोखरी खनी वर्षातको पानी जम्मा गर्ने, सिंचाईको लागि वोरिङ, नहरको व्यवस्था गर्ने, वृक्षारोपण गर्ने । |
| ४. | आगलागि | घरहरुमा पक्की छाना लगाउने, उज्वलशिल पदार्थहरु वालवालिकाले नभेटने ठाउँमा राख्ने,खाना पकाई सकेपछि आगो निभाउने,हावाहरी चलेको वेला आगो नबाल्ने,खाना पकाउने चुलोको माथि छाना लिपपोत गर्ने । |
| ५. | महामारी | खानपिनमा ध्यान दिने,सडेगलेको वासी झिँगा भन्केको खाना नखाने,घर वरिपरि सरसफाई गर्ने,चर्पिको सहि सदुपयोग गर्ने र पानी उमालेर खाने । |
| ६. | हुरीबतास | घरको छाना राम्रोसंग वाध्ने,घर वरिपरि ठुला रुखहरु नलागाउने,रुखका हाँगाविगा काटने,हावा चलेको वेला घर वाहिरा हिडडुल नगर्ने । |
| ७ | भुकम्प | भवन अचार संहिताको पालन गरेर घर वनाउने, गऱ्हुङ्गो समान माथि नराख्ने, सुरक्षित ठाउँको पहिचान गरि राख्ने । |
| ८ | लामखुट्टे तथा किराको आक्रमण | घर वरिपरि सरसफाई गर्ने, चर्पिको सहि सदुपयोग गर्ने र पानी जम्ने खाल्टाखुल्टीहरु पुर्ने, उन्नत खेति प्रबधि अपनाउने, रोग किरा निरोधक बिउ प्रयोग गर्ने, खेतबारी सफा गर्ने । |

माथि उल्लेखित तालिकामा पालिकामा हुने बिपद्हरु कुन समयमा आउने गर्दछन् सोको बिश्लेषण गरी प्रकोप पात्रो तयार गरिएको छ । यस अन्तर्गत बिशेषगरी बाढी असार देखि असोजसम्म, महामारी बैशाख देखि असोजसम्म, त्यस्तै हावाहुरी चैतदेखि जेठसम्म, आगलागी चैतदेखि जेठसम्म र पहिरो वर्षा याममा आउने गरेको पाईएको छ । त्यसैगरी सडक दुर्घटना र भुकम्प कुनै पनि वेला वर्ष भरी आउन सक्ने गरेको अवस्था छ भने किरा तथा लामखुट्टे खासगरि गर्मीको समयमा हुने गरेको पाईन्छ तर बर्षा, खडेरी, शितलहर तथा अन्य जलवायुजन्य बिपद्हरु जलवायु परिवर्तनका कारण समय र अवधिमा केही परिवर्तन भएको पाईन्छ ।

**मौसमी पात्रो**

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले (३० वर्ष | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**मौसमी पात्रोको पूर्व तयारीका कृयाकलापहरु :**

| **क.स.** | **मौसमको किसिम** | **पूर्व तयारीका कृयाकलापहरु** |
|---|---|---|
| १. | हिउदे वर्षा | न्यानो कपडा, दाउराको जोहो गर्ने, घरलाई न्यानो वनाउने, वर्षातको वेलामा सावधानी अपनाउने, |
| २. | आगलागी | ज्वलशिल पदार्थहरु वालवालिका नभेटने ठाउँमा राख्ने,खाना पकाई सकेपछि आगो निभाउने, हावाहरी चलेको वेला आगो नबाल्ने, खाना पकाउने चुलोको माथि छाना लिपपोत गर्ने । |
| ३. | गर्मी | खानपिनमा ध्यान दिने ,सडेगलेको वासी झिँगा भन्केको खाना नखाने,घर वरिपरि सरसफाई गर्ने,चर्पिको सहि सदुपयोगर्ने, ओखतीहरुको जोहो गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, सर्पहरुसंग सावधानी अपनाउने । |
| ४. | जाडो | न्यानो कपडा, दाउराको जोहो गर्ने, घरलाई न्यानो पर्ने, |
| ५. | असिना | असिना परिरहेको वेला घरवाहिर ननिस्कने, माटोको टायलहरुलाई विस्थापित गर्ने, सके सम्म वालीनाली जोगाउने, असिना उत्थानशिल विउहरु प्रयोग गर्ने। |

माथिको तालिका हेर्दा मनसुन वर्षा, हिउदे वर्षा, जाडो, गर्मि तथा असिना पर्ने समयमा परिवनर्तन भएको पाउन सकिन्छ जसलाई जलवायु परिवर्तनको असरको रुपमा लिन सकिन्छ ।

## बाली र वनस्पति पात्रो:

बाली  र वनस्पति पात्रो तयार गर्दा समुदायको प्रमुख ३ बाली वा वनस्पतिसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु कुन कुन समयमा गरिन्छ भनी पत्ता लगाउन प्रयोग गरिएको छ, तलको तालिका हेर्दा वालीनाली तथा वनस्पतीमा समेत जलवायुको परिवर्तनको असर प्रत्येक्ष देख्न सकिन्छ ।

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले( ३० वर्ष | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धन रोप्ने | पहिले( ३०वर्ष ) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| विरुवाको फूल र फल लाग्ने समय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

## १.११ ऐतिहासिक समय रेखा विश्लेषण

बिगतमा भएका बिपद्हरुको असर, त्यसमा भएका क्षति तथा तिनिहरुको व्यवस्थापनमा समुदायले के कस्ता आपतकालीन तथा पुर्नस्थापनाका कृयाकलापहरु संचालन गरे ति कत्तिको प्रभावकारी भयो, बाहिरी निकायहरुले कसरी सहयोग गरे तथा समुदायको स्थानीय ज्ञान सिप के कस्तो रहेछ भन्ने कुराको जानकारी तथा बिभिन्न बिपद्हरुको आवृति के कस्तो छ भन्ने जान्नको लागि ऐतिहासिक विवरण लिने क्रममा जेष्ठ नागरिकहरु सहितको भेला भएका जनसमुदायमा व्यक्तिहरुको समुह वनाई छलफल गरियो उक्त छलफलबाट निम्न कुराहरुको जानकारी प्राप्त भयो ।

| विपद | महिना र साल | स्थान तथा वडा | भौतिक क्षती | सामाजिक क्षती | आर्थिक क्षती | मानवियक्षती | प्रभावित परिवार | प्राकृतिक क्षती | सुचना पुस्टाइको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| वाढी, डुवान | २०६६ | वडा नं. १ | १० वटा घर भत्केको | मानिसहरु विदेश पलाएन | १ करोड वरावर धानको क्षती भएको | | ३०० परिवार | | प्रहरी |
| | २०५४ | वडा नं. २ | २० घर भत्केको | | २० लाख | | | | हालको वडा कार्यालय |
| | २०७३ | ४ नं. वडा | २ पुल तथा ५०० मिटर भत्कीएको वगाएको | | १ करोड | | पुरै वडा | | |
| | २०७१ | ५ नं. वडा | ५० वटा घर भत्केको | | २ करोड, १०० वटा पशुचौपाया मरेका | | ५०० परिवार प्रभावित | | हालको वडा कार्यालय |
| | २०६ | ६ नं | १५ घर | | १०० | | ५०० | | हालको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ८ | वडा | भत्केको | | विगाहमा वालि क्षती | | परिवार | | वडा कार्यालय |
| | २०५४, २०७४ | ७ नं. वडा | १०० घर भत्केको तथा ३०० मिटर सडक, १ वाँध भत्काएको, | | करोडौको धान खेती नष्ट गरेको | २ जना वगाएको | ४०० परिवार | ५०० विगाहा जमिन कटान | |
| | २०४६, २०५४ र २०७३ | ८ नं वडा | २९० घर भत्केको | | ३ करोड वरावर क्षती | २ जना मरेका र १२ जना घाईते | ५०० घरधुरी | धेरै जमिन कटान | |
| आगलागी | २०६६, २०६३, २०७३, २०७६ | वडा नं.१ | २६ घर जलेको | | ३० लाख | १ जना वच्चा मरेको, दर्जनौ गाई, गोरु भैसी मरेको | २६० घर परिवार | | हालको वडा कार्यालय |
| | २०६७ २०६६ | ३ नं. वडा | २ घर जलेको | | ६ लाख | | १८ परिवार | | |
| | २०५५, २०६३ | ४ नं. वडा | ५३ घर जलेको | | १ करोड | | ६० घर | | हालको वडा कार्यालय |
| | २०५६ | ७ नं. | ६० घर जलेको | | १ करोड | | १०० घर | | हालको वडा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | | | | | | | कार्यालय |
| | २०५०, २०७६ | ८ नं. वडा | ४१ घर जलेको | | १ करोड | १ जना जलेर मरेको र दर्जनौ पशुचौपाया मरेको | ५० घर | | हालको वडा कार्यालय |
| खडेरी | २०५६ | ३ नं. वडा | | विदेशिनु परेको | ५० औ लाखको क्षती | | २०० परिवार | पोखरी तथा नाला हरु सुकेको | हालको वडा कार्यालय |
| | २०५९ | ४ न. वडा | | | १ करोड | | | | हालको वडा कार्यालय |
| | २०७२, २०७६ | ६ नं वडा | | | वाली नष्ट, करोडौको क्षती | | ५०० परिवार | प्रदुषण वढेको | हालको वडा कार्यालय |
| | २०७५ | ७ नं. | | | करोडौको खेती क्षती | | | | हालको वडा कार्यालय |
| महामारी | २०४६ | ३ नं. वडा | | | | २५ जना मरेको | २०० परिवार | | जनस्वाथ्य |
| | २०७४ | ७ नं वडा | | | | ४ जना वालवालिका | ६० जना | | हालको वडा कार्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शितलहर | २०७२ | ४ नं. वडा | | | लाखौको वाली नष्ट | १० जना वृद्ध वृद्धा मरेको | | | हालको वडा कार्यालय |
| | २०७३, २०७५ | ६ नं. वडा | | | आलुखेती १० लाखको नष्ट | | ५०० परिवार | | हालको वडा कार्यालय |
| | २०७० | ८ न. वडा | | | दर्जनै पशुहरु मरेको, लाखौको क्षती | धेरै मानिसहरु विरामी | २०० परिवार | | हालको वडा कार्यालय |
| सर्पदंश | २०६९ | १ नं. वडा | | वहुविवाह | | १ जना मरेको | ५ परिवार | | |
| | २०६६ | ३ नं. | | | | १ जना मरेको | | | |
| असिनापानी | २०७४ | ४ नं. वडा | | | लाखौको क्षती | | | | हालको वडा कार्यालय |
| | २०५८ | ८ | | | ५ लाख | | ५० परिवार | | हालको वडा कार्यालय |
| | २०६५ | ५ नं. वडा | ५० घरको खपडाको घरमा क्षती, खेती | | १५ लाख क्षती | | ३०० घर | | हालको वडा कार्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नष्ट | | | | | | |
| हावाहुरी | २०५८ | वडा नं. १ | ५० वटा घरको छानो उडाएको | विदेशिन वाध्य | ३ लाख | १५ जना घाईते | ५०० घर | वगैचाका रुखहरु ५० भन्दा वढि ढलेको | गाविस साविकको |
| | २०६० | २ नं. वडा | १५० घरमा क्षती | | ५० लाख | | | वोट विरुवा भाचिएको | |
| चट्याङ | | ६ नं. वडा | | | | १ जना घाईते | | | |
| | २०६६ | ७ नं. वडा | | | | १ जना मरेको | | | |
| रोगकिरा | २०६१ | २ नं वडा | | | २५ लाख | | | धानवाली नष्ट | |
| | २०६५ | ५ नं वडा | | | २० लाख वरावरको वाली नष्ट | | ३०० परिवार | | |

## १.१२ सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान

### वडाको सम्पन्नता स्तरीकरण घरधुरी

| क सं | वार्ड | अतिविपन्न | विपन्न | मध्यम | सम्पन्न | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | ३५ | १२० | ३०१ | १९८ | ६५४ |
| २ | २ | ४२ | १३१ | ३१२ | ११५ | ६०० |
| ३ | ३ | ३२ | ९८ | २५३ | ७५ | ४५८ |
| ४ | ४ | ४९ | १०२ | २८६ | १२० | ५५७ |
| ५ | ५ | ६५ | १५२ | ३८६ | १५० | ७५३ |
| ६ | ६ | ५९ | १४६ | ४११ | ११९ | ७३५ |
| ७ | ७ | १०२ | १९० | ३८१ | १७९ | ८५२ |
| ८ | ८ | ९९ | १८५ | ३७४ | १४६ | ८०४ |
| जम्मा | | ४८३ | ११२४ | २७०४ | ११०२ | ५४१३ |

## १.१३ समस्या वृक्ष विश्लेषण :

| क्र. सं. | समस्या | समस्याको मूल कारण | समुदायमा परेको प्रभाव |
|---|---|---|---|
| १ | बाढी | अत्यधिक पानी पर्नु,जनसंख्या वृद्धि,बनजंगल फडानी,विकास निमार्ण गर्दा विपद व्यवस्थापनलाई ध्यान नदिनु,व्यवस्थित ढल निकास नहुनु,माटो पटानी नगर्नु,तठबन्धन नहुनु, जलवायु परिवर्तन हुनु,जनचेतनको अभाव हुनु | समुदाय विस्थापित हुनु, गरिवी बढ्नु, पारिवारिक कलह बढ्नु, मानिसहरुको आर्थिक अवस्था कमजोर हुदै जानु, स्वास्थ्य प्रत्यक्ष प्रभाव, झै-झगाडा, महामारी फैलनु, मानवीय क्षति, भौतिक संरचना भत्कनु, पानीको मुहान प्रदुषण हुन, खाद्यान्नको समस्या,मानसिक तनाव जग्गा कटानी पटानी हुनु, उत्पादनमा कमी, शिक्षामा अवरोध, जनधनको क्षति हुनु, आर्जनका स्रोतको अभाव हुनु |
| २ | शितलहर | जलवायु परिवर्तन,उच्चहिमालि भागमा हिउँ पर्नु | मानविय र पशुचौपायहरु कठयाङग्रीयएर मर्ने,वालिनाली नष्ट हुने<br>उत्पादनमा कमि, वालवालिका वृद्ध वृद्धा, अपांगता भएका व्यक्ती, गर्भवति सुत्केरी महिला हरु लाई असर गर्ने । |

| | | | |
|---|---|---|---|
| ३ | महामारी | जनचेतनाको कमी,बाढी आएर बाढी बगाएर ल्याएको फोहोर,नल्का डुबान हुनु,चर्पीको प्रयोग नहुनु अर्थात खुला दिसा पिसाब गर्नु,बर्षयामको फोहोर पानीमा नुहाउनु,फोहोर मैला जथाभावी फाल्नु, समयमै स्वास्थ्य चौकी नजानु | वातावरण प्रदुषण, स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नु शारीरिक कमजोरी हुदैजानु, दैनिक जीवनयापन गर्न गाह्रो हुनु, मानिसको ज्यान समेत जानु, पारिवारिक स्थिति खल्बलिनु, लामखुट्टेले टोक्दा इन्सेफ्लाइटिस तथा मलेरिया जस्ता रोगका कारण अपांग समेत, टाउको दुख्ने आँखा पक्नु तथ छाला सम्बन्धि रोगहरु देखा पर्नु,आर्थिक अवस्था कमजोर, |
| ४ | आगलागी | जनचेतनाको कमि,जथाभावी बनजंगलमा आगो लगाउनु,घरको बनावट अर्थात खरको छाना हुनु,ज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाँउमा राख्नालेसुख्खा मौसममा आगलागीमा बृद्धि । अव्यवस्थित तथा खरका घरहरु | जनधनको क्षति, खाधान्नको अभाव, आर्थिक अवस्था कमजोर हुदै जानु जसका कारण गरिवी बढ्नु,दैनिक कियाकलापमा अवरोध हुनु, चौपायाहरुको क्षति हुनु भोकमारी, आर्थिक संकट हुने |
| ५ | खडेरी | वनजंगल फडानी, जलवायु परिवर्तनको असर, खण्ड वृष्टी, पर्याप्त मात्रामा सिंचाईको व्यवस्था नहुनु, जनचेतनाको कमी | लगाएको वालीहरुमा क्षती, खाद्यान्न अभाव, आर्थिक अवस्था कमजोर हुदै जानू, वालवालिकाहरु कुपोषित हुने, भोकमरीको अवस्था श्रृजना हुनु, गर्मिजन्य रोगहरु देखापर्नु । |
| ६ | हावाहुरी | ज्लवायु परिवर्तन, मौसममा गडवडी, कमजोर संरचना, जनचेतनाको अभाव, अव्यवस्थीत पोल तथा प्राकृतिक सम्पदाहरु | संरचनाहरु उडाउनु, मानविय र भौतिक क्षतीहुने, दैनिक कृयाकलापमा अवरोध, वालवालिकाहरुको पढाईमा असर, चौपायाहरुको क्षती, आर्थिक अवस्था कमजोर हुदै जान्छ । |

## १.१४ गाँउपालिकाको संस्थागत विश्लेषण (रोटी चित्र )



